वर्ष : १७, अंक : २८, काठमाडौं, २०७८ कार्तिक १२ गते शुक्रबार, 29 October 2021, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
| --- | --- |
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस

हनुमानस्थानचोक, अनामनगर, काठमाडौं

फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४

ई-मेल : madheshmediahouse @gmail.com

## मधेश विरोधी सरकार, जसपा मौन

### सत्ताको चास्नीमा रमाएका उपेन्द्र यादवलाई मधेशको मुद्दामा चासो छैन

**मधेशवाणी डेस्क**

काठमाडौं । नेपाली कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धन सरकारले आफ्नो कार्यकालको पहिलो सय दिन पूरा गरेको छ ।

यस सय दिनमा सरकारले दैनिक प्रशासनिक काम मात्र गरेको छ । सरकारको यस्तो गतिविधिलाई उसको सयदिने उपलब्धि मानिँदैन । गठनको सयदिने अवधिमा सरकारले निश्चित राष्ट्रिय संकल्प र लक्ष्य हासिल गर्न के-कस्ता नयाँ ठोस तथा उत्साहजनक नीति तथा कार्यक्रमको सुरूआत गऱ्यो र कस्तो प्रारम्भिक परिणाम वा उपलब्धि हासिल भयो/ ? सरकारको कामले जनहितको कसीमा कुन दिशानिर्देश गरेको छ/ ? यस्तै प्रश्नको कसीमा मूल्यांकन गर्ने समयको प्याकेज हो बितेको सय दिन ।

निर्वाचनमा जनतासमक्ष भ्रम र कपोलकल्पित प्रतिबद्धता बाँड्न यो सरकारको मतादेश होइन । संविधान, संसदीय पद्धति, लोकतान्त्रिक राज्य प्रणालीका मौलिकतालाई सन्तुलन कायम गर्दै जनताको समस्यालाई समाधान गर्ने दायित्व यो सरकारमाथि छ । विधिको शासन, संविधानको रक्षा, संसद्को पूर्णकालको सुनिश्चितता, समावेशीकरण, सुशासनप्रति दृढ संकल्प नै यो सरकारको प्राथमिकता हो ।

सरकार गठबन्धनका बेला यसले एघारवटा प्राथमिकता निर्धारण गरेको थियो । चौध पृष्ठको साझा सहमतिको कार्यक्रम जारी गरी सरकार सञ्चालनको आधार बनाइएको थियो ।

तर बितेको सय दिनमा सरकार आफनो लक्ष्यबाट बरालिएको अनुभूति जनताले गरिरहेका छन् ।



शेरबहादुर देउवा



पुष्पकमल दाहाल 'प्रचण्ड'



माधव कुमार नेपाल



उपेन्द्र यादव

सरकारका सय दिन पूरा हुँदा देशले भोग्नुपरेको बेमौसमी मुसलधारे वर्षाबाट अनुमानित ६ अर्ब रूपैयाँभन्दा बढीको धानबाली क्षति भएको छ भने सवा अर्ब रूपैयाँको नगदे, तरकारी र तेलहन बालीको नोक्सानी हुँदा सरकार सक्रिय भएको छैन । अन्नदाता किसान र राष्ट्रिय अर्थतन्त्रको मुख्य आधार कृषिका लागि सरकारले परिणाममुखी, किसानमुखी र दूरगामी कार्यक्रम ल्याउन सकेको छैन ।

आफ्नै पार्टीको निर्वाचन घोषणापत्रलाई मजाक बनाउने छुट कुनै सरकारलाई हुँदैन । बितेका सय दिनमध्ये ८८ दिनसम्म सरकारले मन्त्रिपरिषद्लाई पूर्णता दिन नसक्नु दुर्भाग्यपूर्ण हो । १८ महिनाको कार्यकालमा सय दिन (१७ प्रतिशत) खर्च गरिसकेको सरकारलाई ओली सरकारको पदचिह्न पछ्याएको किन न भन्ने ?

सरकारका कामबाट जनतामा निराशा मात्र छ । सुशासनयुक्त, स्वच्छ लोकतान्त्रिक प्रणाली स्थापित गरी समावेशीको सिद्धान्त लागू गर्नु यो

बाँकी अन्तिम पृष्ठमा

### समावेशिता कि जातीयता ?

| पार्टी | मधेशी | गैरमधेशी | जम्मा |
| --- | --- | --- | --- |
| नेपाली कांग्रेस | १ | ८ | ९ |
| नेकपा (माओवादी केन्द्र) | १ | ५ | ६ |
| नेकपा (एकीकृत समाजवादी) | ० | ५ | ५ |
| जनता समाजवादी पार्टी नेपाल | ३ (यादव) | १ | ४ |

## विभेद विरूद्धको संघर्ष जारी : ठाकुर



काठमाडौं । लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुरले राज्यको विभेद विरूद्धको लडाई जारी नै रहेको बताएका छन् । राज्यले मधेशी जनतासँग गर्दै आएको विभेदविरूद्ध आफूहरू निरन्तर संघर्ष गरिरहेको बताएका हुन् । सर्लाहीको गोडैता नगरपालिकाको रामवनमा दिपावली र छठ पर्वको शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै

अध्यक्ष ठाकुरले सो कुरा बताएका हुन् । 'मधेशी जनतासँग राज्यले विभेद गर्दै आएको छ । सोको विरूद्धमा हामी निरन्तर लडिरहेका छौं,' उनले भने ।

उनले सीमा क्षेत्रमा बस्ने मधेशी जनता विभिन्न समस्या भोग्दै आएको बताए । न्यायालयमा देखिएको दबाबबारे बोल्दै न्यायाधीशहरू आफैमा लड्ने गरेको र त्यसको प्रत्यक्ष मारमा आम जनता पर्न थालेको टिप्पणी गरेका हुन् । उनले न्यायाधीशहरू आफैमा विवाद गर्न थालेपछि जनतालाई कसले न्याय दिने भनेर जिकिर गरेका थिए । संसद अवरूद्ध रहेको बताउँदै अध्यक्ष ठाकुर अहिलेको सरकार बहादुर सरकार रहेको कटाक्ष गर्दै तीन महिनामा मन्त्रिपरिषद्लाई पूर्णता दिने सरकारको काम कर्तव्य जनता माझ प्रष्ट भएको समेत बताएका थिए । यसैगरी, लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो मधेशीसँग राज्यले गर्ने विभेदका कारण देशकै सबभन्दा पुरानो हुलाकी सडक बन्न नसकेको बताए । राज्यले गर्ने विभेदका कारण आज मधेशी पछाडि परेको उनले आरोप लगाए ।

## वर्तमान निर्वाचन प्रणाली घातक : उपेन्द्र यादव



जनकपुरधाम । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले वर्तमान निर्वाचन प्रणाली मुलुकका लागि घातक रहेको बताएका छन् । जसपा जनकपुरधाम उपमहानगर समितिले सोमबार जनकपुरमा आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले वर्तमान निर्वाचन प्रणालीले अगामी दिनमा थप संकट निम्त्याउने भएको हुँदा निर्वाचन प्रणाली फेर्नु पर्ने बताए । दिनानुदिन महंगिदै गएको निर्वाचनले योग्य र इमान्दार व्यक्तिहरू राजनीति बाट पलायन हुने तथा माफियाहरू हावी हुने भएको हुँदा प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण दलिय समानुपातिक संसदीय प्रणालीमा जानु पर्ने आवश्यकता रहेको उनको कथन थियो ।

करौडों खर्चेर जित्ने जनप्रतिनिधिहरूबाट विकासको अपेक्षा गर्न नसक्ने उल्लेख गर्दै अध्यक्ष यादवले प्रत्यक्ष निर्वाचित राष्ट्रपतीय प्रणाली र पूर्ण दलीय समानुपातिक संसदीय प्रणालीमा गयौं भने चुनावी खर्च न्यून हुने, इमान्दार नेताहरू संसदमा स्थान पाउने तथा विज्ञहरू सरकार संचालन गर्ने अवस्थाको सिर्जना हुने उल्लेख गरेका छन् । जनकपुरधाम उपमहानगरपालिकाका प्रमुख लालकिशोर साहको अध्यक्षतामा भएको उक्त कार्यक्रममा प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दी, सामाजिक विकासमन्त्री नवल किशोर साह, उद्योग, पर्यटन, वन तथा वातावरणमन्त्री राम नरेश रायसहितका वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए ।

## मधेशी आयोगको कार्यसम्पादन उत्कृष्ट



काठमाडौं । सातवटा संवैधानिक आयोगहरूमध्ये मधेशी आयोगको कार्यसम्पादन उत्कृष्ट रहेको छ । विभिन्न संवैधानिक आयोगहरू, मेची देखि महाकाली सम्मका अधिकारकर्मीहरू, मानवअधिकार संस्थाहरू लगायतको सहभागितामा तथा मधेशी आयोग र न्याय तथा मानव अधिकारका लागी संस्था (जुरी-नेपाल) को आयोजनमा 'संवैधानिक आयोगहरूको सिफारिस कार्यन्वयनको वर्तमान अवस्था र चुनौतीहरू' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा अधिवक्ता तथा जुरी-नेपालको कार्यक्रम निर्देशक मोहनलाल आचार्यद्वारा प्रस्तुत कार्यपत्रमा राष्ट्रिय मानवअधिकार आयोग पहिलो, मधेशी आयोग दोस्रो, थारू आयोग तेस्रो र राष्ट्रिय समावेशी आयोग चौथो स्थानमा रहेको देखिन्छ ।

सो अध्ययन अनुसार ययविधानको भाग २७ अनुसारका गठित सात वटा संवैधानिक आयोगहरूमा सिफारिसहरूको आधारमा पहिलो स्थानमा मधेशी आयोग, दोस्रो स्थानमा थारू आयोग र तेस्रो स्थानमा समावेशी आयोग रहेको छ । लगातार दुई वर्षका दुई वटा अध्ययन प्रतिवेदनहरू अनुसार अति न्यून मानवीय र भौतिक स्रोत साधनका बाबजुद पनि मधेशी आयोग अग्रस्थानमै रहेको छ ।

## राजदूत सिफारिसमा मधेशी परेनन्

काठमाडौं । सरकारले तीन देशका लागि नयाँ राजदूतको नाम सिफारिस गरेको छ । ती तीन जनामध्ये एक जनापनि मधेशका छैनन् ।

मन्त्रिपरिषद बैठकले भारत, अमेरिका र बेलायतमा राजदूत सिफारिस गरेको हो । वर्तमान सरकारमा उपेन्द्र यादव नेतृत्वको जसपा सहभागी भएपनि मधेशले एउटा पनि राजदूत पाएको छैन । सरकारको पछिल्लो सिफारिसले सरकारमा सामेल भएपनि जसपाको स्थिति कमजोर रहेको देखिएको छ । जसपा सधै सत्ताको खेलमा मात्र केन्द्रित रहेको आरोप लाग्दै आएकोमा यसले पनि पुष्टि भएको छ ।

सरकारले भारतमा डा. शंकर शर्मा, अमेरिकामा श्रीधर खत्री र बेलायतमा ज्ञानचन्द्र आचार्यलाई राजदूत सिफारिस गरेको हो ।

शर्मा यसअघि अमेरिकाका लागि नेपाली राजदूत थिए भने खत्री परराष्ट्र मामिलाका विज्ञ हुन् । त्यस्तै आचार्य यसअघि संयुक्त राष्ट्रसंघको स्थायी प्रतिनिधि थिए । सरकारले हालै यी देशबाट राजदूत फिर्ता बोलाएको थियो । यसअघि अमेरिकामा डा. युवराज खतिवडा, भारतमा निलाम्बर आचार्य र बेलायतमा लोकदर्शन रेग्मी राजदूत थिए ।

## प्रभु साहले 'नेकपा' पुनर्गठन गर्ने



काठमाडौं । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा)को निरन्तरताको रूपमा नेकपा एमालेलाई मान्नुपर्ने फरक विचार राखेर संघर्ष गर्दै आएका नेता तथा पूर्वमन्त्री प्रभु साहले अन्ततः नेकपाको पुनर्गठन गर्ने भएका छन् । नेकपा माओवादी केन्द्र र नेकपा एमालेबीच एकता भएर गठन भएको नेकपा सर्वोच्च अदालतको फैसलापछि विघटन भएको थियो ।

पूर्वमन्त्री साहले भने केपी ओलीको नेतृत्वलाई मान्ने तर नेकपाको निरन्तरता हुनुपर्ने सर्तमा एमालेमै बसेका थिए ।

एमाले अध्यक्ष केपी ओलीले पुरानै विचार बोकेको पुरानै शैलीको एमालेलाई सक्रिय गरेपछि साहले भने ८ बुँदे प्रस्ताव अघि सारेका थिए । अध्यक्ष ओलीले मुखमा नेकपाको निरन्तरता भन्ने गरेको तर व्यवहारमा नमानेपछि साहले नेकपाकै पुनर्गठनको गृहकार्यमा लागेका हुन् ।

प्रभु साह निकट एक नेताका अनुसार उनले सहमतिका लागि अन्तिम चरणसम्म प्रयास गरेको तर केपी ओली अग्रगमनलाई स्वीकार्नुभन्दा पुरानै विचार र एजेन्डामा फर्किएकोले साह र उनीनिकट नेताहरू जनतालाई धोखा दिन नसक्ने निष्कर्षसहित नेकपा पुनर्गठनको तयारीमा जुटेका हुन् ।

ती नेताका अनुसार नेकपाको केन्द्रीय कमिटीसमेत चयन भइसकेको र केही दिनमै राष्ट्रिय भेलामार्फत देशलाई अग्रगामी निकास दिनका लागि नेकपा पुनर्गठन भएको सन्देश दिने तयारी रहेको छ ।

देशलाई अग्रगामी निकास दिन तथा विद्यमान राजनीतिक संकट निवारणका लागि नेकपा पुनर्गठनमार्फत नयाँ समाजवादी केन्द्र बनाउने प्रभु साहको तयारी रहेको बुझिएको छ ।

नेकपा एकीकृत पार्टी रहँदा प्रभु साह पूर्वमाओवादी समूहबाट आएका थिए तर प्रचण्डले कम्युनिष्ट आन्दोलनलाई सिध्याउन लागेको भन्दै केपी समूहमा गएका थिए । पार्टी विघटन भएदेखि नै प्रभु साहले माओवादी र एमाले दुवै पार्टी पछाड़ीं फर्केको भन्दै एमाले नस्वीकारी संघर्ष गरिरहेका थिए ।

## जनकारबाहीविरूद्ध प्रदर्शन गर्ने इन्जिनियरहरूमाथि गम्भीर आरोप



काठमाडौं । जनकारबाहीविरूद्ध प्रदर्शन गर्ने इन्जिनियरहरूमाथि एक इन्जिनियरले नै गम्भीर आरोपहरू लगाएका छन् । भ्रष्टाचार गर्न सिकाउने इन्जिनियरहरू नै रहेको आरोपहरू लगाइएको छ ।

जनमत पार्टीका उपाध्यक्ष ईन्जिनियर दीपक साहले इन्जिनियरिङ्गका छाता सङ्गठनहरूका अधिकांश नेताहरू सांगठनिक रूपमा भ्रष्टाचारका जराहरूका निर्माता रहेको र यिनीहरूनको मातृ पार्टीहरू संरक्षक रहेको आरोप लगाएका छन् ।

उनले भनेका छन्, 'आम जनताले यिनीहरूलाई खोजी खोजी प्रश्न गरे, जनता सामु नग्न बनाए । यिनीहरूसँग प्रश्न गरे, जनता सामु उजागर गरे ।'

ईन्जिनियर दीपक साहले उठाएका प्रश्नहरू

१. हरेक गाउँपालिका/नगरपालिकाबाट घर नक्शा पास गर्ने क्रममा जनताबाट पैसा लुटी नेतालाई भेटी चढाउने को हो ?

२. हरेक विकास निर्माण कार्यबाट अग्रिम १० देखि ३५% घुस लिई नेतालाई चढाउने को ?

३. यी सङ्गठनका प्रमूख नेताहरू जी.एम., एम.डी. बन्न नेतालाई करोडौं भेटी चढाउने को-को हुन् ?

४. अख्तियार त मेरो पोकेटमा छ, अख्तियार प्रमुखलाई भेटी चढाए फाइल बन्द गर्न लगाउने को-को हुन् ?

५. नयाँ-नयाँ व्यापारी, ठेकदारलाई भ्रष्टाचार गर्न सिकाउने को-को हुन् ?

६. भ्रष्टाचार गरेको प्रमाण कसरी मेटाउने, सिकाउनेहरू को-को हुन् ?

यी इन्जिनियरिङका छाता सङ्गठनहरूका अधिकाँश पदाधिकारीहरू मेरो सहपाठी, भाईहरू होला । जनमत पार्टी प्रमुख शीर्ष ६ नेताहरूमध्ये ४ जना इन्जिनियर नै रहेका छन् । नेपाल सरकारबाट यिनीहरूको मानवअधिकार हनन् हुँदा यिनीहरू भ्रष्ट हुन व्यस्त थिए । तपाईंबाट घुस मागेका छन्, कुनै ठाउँमा घुस खुवाउनु भएको भए, भ्रष्टाचारको कुनै घटना भए जनमत पार्टीको भ्रष्टाचार-निवारण विभागलाई खबर गरौं ।

## सम्पादकीय

# केन्द्रीय सरकारको दिशाहीन सय दिन

प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको गठबन्धन सरकारले कात्तिक ९ गते एक सय दिन पूरा गरेको छ।  असार २८ गते सर्वोच्च अदालतको परमादेशअनुसार असार २९ गते कांग्रेस सभापति देउवाको नेतृत्वमा पाँच दलीय संयुक्त सरकार गठन भएको हो। यस सय दिनमा सरकारको कामको प्रशंसाभन्दा आलोचना बढी भइरहेको छ।

सरकारको असफलताको सूचक मन्त्रिपरिषदलाई पूर्णता दिन नै ८८ दिन लागेकोबाट देखिन्छ। नियुक्त भएको ८८ दिनमा बल्ल मन्त्रिपरिषदलाई पूर्णता दिए पनि सरकारको गति बढ्न सकेको छैन। सय दिनमा गर्नैपर्ने काम हुन नसकेको भन्दै आलोचना भइरहे पनि प्रधानमन्त्री र मन्त्रीहरूले भने सय दिन उपलब्धिमूलक भएको दाबी गरे पनि जनताले पत्याउन सकेको छैन।

गठन भएको एक सय दिनमा पनि सरकारको कार्यसम्पादन र शैली राम्रो देखिएको छैन। बरू, गठबन्धन सरकारको मधुमास अवधि अन्त्यहीन अलमल, अकर्मण्य र दिशाहीन बन्न पुगेको छ।

सरकारको लेखाजोखाका लागि सय दिनको अवधि पर्याप्त होइन, तर यो अवधिमै सरकारको कार्यशैलीको छनक भने अवश्य मिल्छ। ओली नेतृत्वको सरकारको अलोकतान्त्रिक शैली र कमजोर कार्यसम्पादनका कारण उक्त सरकारलाई विस्थापित गरी देउवा नेतृत्वमा सरकार गठन हुनुलाई नै कैयौंले सकारात्मक मानेका थिए।

ओली सरकारले हिंडेको बाटो यो सरकार नहिंड्ला भन्ने आम अपेक्षा पनि थियो। तर, सरकारले यसबीचमा नागरिकलाई आशा जगाउने गरी कार्यसम्पादन गर्न चुकेको छ। यद्यपी सरकारले थप केही बिगारेको जस्तो देखिंदैन, तर जनताको स्याबासी पाउने काम पनि गरेको छैन। सरकारले आँटिला राजनीतिक निर्णय र सुधार गर्न सकेको छैन।

**प्रधानमन्त्री बनेको एक सय दिन पूरा हुँदा समेत प्रधानमन्त्री देउवाले आफ्नै सचिवालयलाई पूर्णता दिन सकेका छैनन। यसले पनि सरकारको सुस्तताको छनक दिन्छ।**

सुशासन सरकारको पहिलो प्रतिबद्धता भएको भनिए पनि अपवाद बाहेक त्यसको छनक कतै देखिएको छैन, सेवा प्रवाहमा कुनै सुधार भएको छैन। सरकार बनेको सय दिन नाघ्दा पनि मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक भएको छैन। देउवाले संसद्लाई छलेर राजनीतिक दल सम्बन्धी अध्यादेश जारी गरी नेकपा एमाले र समाजवादी दल फुटाउने ढोका खोलिदिए। हिजो जे कारणले पूर्ववर्ती सरकारलाई अलोकतान्त्रिक भनियो, यो सरकारले पनि सोही बाटो समात्यो । वास्तवमा सरकारसँग के गर्ने भन्ने रोडम्याप नै भएन, राजनीतिक नेतृत्वको रिक्ततामा कर्मचारीतन्त्रले काम गर्न सक्दैन।

राष्ट्रिय महत्वका मुद्दाहरूका विषयमा पनि निष्कर्षमा पुग्न सरकारको अलमल देखिन्छ। अमेरिकी सहायता परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) कम्प्याक्ट संसद्बाट अनुमोदन गर्ने विषयमा सरकार अकर्मण्य देखिँदै आएको छ। अमेरिका सरकारले एमसीसीबारे नेपाल सरकारको आशंकालाई निवारण गर्दै विस्तृत जवाफ पठाइसक्दा पनि यो विषयलाई संसद्मा छलफल गर्ने र अनुमोदनतिर लैजाने हिम्मत सरकारले जुटाएको छैन।

प्रधानमन्त्री बनेको एक सय दिन पूरा हुँदा समेत प्रधानमन्त्री देउवाले आफ्नै सचिवालयलाई पूर्णता दिन सकेका छैनन। यसले पनि सरकारको सुस्तताको छनक दिन्छ।

परराष्ट्र मामिलामा पनि सरकारको अकर्मण्यता र निरीहता लुकेको छैन। गठबन्धनको साझा न्यूनतम कार्यक्रममा लिम्पियाधुरा, कालापानी, लिपुलेक लगायतका सीमा समस्याका विषयमा छिमेकीसँग वार्ता गरी समस्या सुल्झाइने उल्लेख छ। तर, सरकारले अहिलेसम्म यी विषयमा समस्या सल्टाउने पहल थालेको जानकारीमा छैन।

देशभित्रका अनेकौं मामिलामा पनि सरकारको निर्णय र कार्यशैलीको आलोचना भएको छ। देउवा नेतृत्वको सरकार सर्वोच्च अदालतको परमादेशपछि आकस्मिक रूपमा गठन भएको हो। विगतमा चार कार्यकाल प्रधानमन्त्री भइसकेका देउवाको छवि यसै पनि सरकार सञ्चालनका मामिलामा राम्रो छैन। पाचौं पटक प्रधानमन्त्री नियुक्त हुँदा देउवालाई धेरैले विगत त्यस्तो धमिलो छवि सुधार्ने मौका आएको बताएका थिए। तर, उनले त्यस्तो अवसर खेर फाल्न खोजेको संकेत देखाएका छन्।

यो वर्ष निर्वाचनको माहोल शुरू भइसकेको छ। आगामी चैतपछि स्थानीय तहको निर्वाचन गर्नैपर्ने बाध्यता छ। करीब एक वर्षभित्रमा प्रदेश र संघको पनि निर्वाचन हुनेछ। निर्वाचनसम्मै यही सरकार कायम रहने भएकाले सरकारको राम्रो छविले त्यसले नागरिकको मन जित्न सघाउँछ। तर, सरकारको अहिलेसम्मको कार्यशैली र कार्यसम्पादन प्रति सत्ता गठबन्धनकै नेताहरूको असन्तुष्टि झल्किन्छ।

# बेथिति विरूद्धका आवाजहरू

## विचार-विश्लेषण भाग-१११



उपेन्द्र झा

न्यायपालिकाका शीर्ष तह सर्वोच्च अदालतमा अहिले प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराविरूद्ध न्यायाधीशहरू तथा बारका अधिवक्ताहरू राजीनामा गराउन संगठित भएका छन्। यो पंक्ति लेख्दासम्म न्यायालयभित्र चोलेन्द्र शमशेर जबराको प्रधानन्यायाधीश पदबाट राजीनामा गराउन न्यायाधीश र बारका अधिवक्ताहरू एकजुट भएर विरोधमा उत्रेका छन्।

मन्त्रालय भागवण्डामा प्रधानन्यायाधीशले भाग खोजेको तथा अन्य कतिपय घटनामा भाग खोज्ने प्रवृत्तिले सर्वोच्चको छवि धुमिल भएको व्यापक गुनासो बाहिर फैलिरहेकोले चोलेन्द्र शमशेर जबराले अविलम्ब राजीनामा दिनुपर्छ भन्ने विरोधको आवाज बडो जोडले गुञ्जायमान छ। हालाकि चोलेन्द्र शमशेर जबराले जस्तासुकै परिस्थिति आएपनि फेस गर्ने भनेर सबैलाई चुनौती दिएको छ।

अहिले व्यक्तिगत स्वार्थ पूरा गर्ने प्रधानन्यायाधीशको अनैतिक क्रियाकलापको घटना पहिलो होइन। पटक-पटक यस्ता घटनाले सर्वोच्च अदालतको मानमर्दन भएको छ। अहिले सर्वोच्च न्यायालयको भित्रैबाट भ्रष्ट आचरणको आवाज टड्कारो रूपमा उठेको छ। यस्ता घटनाहरूबाट सर्वोच्चको निष्पक्षतामाथि प्रश्न उठ्नु स्वाभाविक हो।

तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको प्रधानन्यायाधीश चोलेन्द्र शमशेर जबराको सेटिङ्ग रहेको व्यापक चर्चा भएको थियो। केपी शर्मा ओलीले नै यो कुरा सार्वजनिक रूपले भनेका थिए। तर त्यो सेटिङ्ग धेरै दिनसम्म चल्न सकेन। पछि अर्को सेटिङ्गसँग सम्बन्ध भएकोले तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले नयाँ जनादेश लिन पहिलोपल्टपुस ५ गते २०७७ विघटन गरेको संसदलाई सर्वोच्च अदालतले पुनर्स्थापना मात्र गरेन, लगत्तै दोस्रो पटकको विघटित संसदलाई पुनर्स्थापित गरी प्रधानमन्त्री पनि तोकि पठायो।

यति छिट्टै नाता तोडेको झोंकमा अहिले केपी शर्मा ओलीले पनि विरोधको आवाजलाई समर्थन गर्दै संवैधानिक इजलाशमा रहेका ५ वटै न्यायाधीशको राजीनामा माग गरेका छन्।

भ्रष्टाचारमा लिप्त सरकारका हरेक संयन्त्रमा यस्ता घटनाहरू सार्वजनिक भइरहँदा पनि सरकार मौन रहेको कुराबाट भ्रष्टाचार सरकारबाट नै निर्देशित रहेको कुरालाई अक्षरशः मान्न कुनै गल्ती हुँदैन। बालुवाटारको ललिता निवासको जग्गा प्रकरण कुन दबाबमा शिथिल भइरहेको, ३३ किलो सुनकाण्ड किन सेलाएको, वाइडबडी जहाज खरीदकाण्ड, चर्चाबाटकिन ओझेल भएको आदि घटनाहरू हामीलाई शंकाको घेरामा लैजान पर्याप्त छ।

गरीबहरूको मुद्दा कि त अदालतको सूचिमै समावेश हुँदैन। भयो भने सबभन्दा तल-तल बसेको कारण फैसला क्रममा पुग्न दशकौं लाग्छ। रवि लामिछानेको न्यूज २४ टिभी कार्यक्रममा टेलिफोन अन्तर्वार्तामा पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीले दिनुभएको यो अभिव्यक्ति हुन्। सर्वोच्च अदालतको निष्पक्षताको नियत कस्तो छ, यस अभिव्यक्तिबाट प्रष्ट थाहा हुन्छ। अर्थात् बेथितिमा चलेको यो देशको सबै शीर्ष राजनीतिक दलका भ्रष्टाचारका मतियार हुन्? ट्रान्सपेरेन्सी इन्टरनेशनलले विगतमा प्रधानमन्त्री केपी शर्मा ओलीलाई लक्षित गरी नेपालको भ्रष्टाचारलाई केपी शर्मा ओलीको संरक्षण प्राप्त छ भन्ने प्रतिवेदन सार्वजनिक गर्दा त्यसको पक्षमा पहल गर्नुको साटो केपी शर्मा ओली रातोपिरो भई तथानाम गाली गरेका थिए। अर्थात् नेपालमा भ्रष्टाचार छैन, यी मिथ्या आरोप हुन भनेका थिए।

यति सानो देशमा २१ अर्ब हिनामिना गर्ने चुडामणी शर्मा, ३३ किलो सुन ओसार्ने चुडामणी उप्रेती कसरी भ्रष्टाचार गरे त? यसबारे कुनै पनि सरकार मौन रहनु मतियार धर्म निर्वाह गर्नु हो।

प्रदेश नं. २ को मुख्यमन्त्रीको कार्यालयमा अख्तियारले छापा मारेको छ। मुख्यमन्त्री कार्यालयले कुनै अनियमितता नभएको भनेको छ भने अख्तियार अनुसन्धानको क्रममा छ। बिना सबुत अख्तियार छापा मार्दैन। मार्छ भने त्यो उसको लागि प्रत्युत्पादक हुन्छ। हालै खानेपानी तथा ढल निकासको कर्मचारी ई.राजेश्वर कुशवाहालाई जनमत पार्टीका कार्यकर्ताहरूले नाङ्गै पारेर शहर परिक्रमा गराएका थिए। भ्रष्टाचार गर्ने अरू कतिपय अख्तियारमा सूचिबद्ध छन् कतिपय जनमत पार्टीको कालो सूचिमा परेका छन्। जनताको नजरमा रहेका प्रदेश नं. २ का कर्मचारी, मन्त्रीहरू कति भ्रष्टाचारी छन्, जसलाई न अदालतले छुन सक्छ न सरोकारवाला निकायले। जनता आजीत भइसकेका छन्, भ्रष्टाचारको मार झेल्दा झेल्दै। ईन्जिनियरलाई नाङ्गै शहर घुमाएको घटनाबाट जनता खुशी छन् भने कर्मचारी आतंकित छन्। यो घटना सभ्य समाजको लागि हुँदै होइनन् भन्छन्।

यता डा.बाबुराम भट्टराई दशैंमा अग्रजनबाट टीका थाप्दै हिन्दू धर्मले देशलाई उभो लाग्न दिँदैन, क्रिश्चियन धर्म अँगाले, देश खुशहाल हुन्छ भनेर अजीब खाले नौटंकी गरेर देशमा रहेको धार्मिक सहिष्णुतालाई भड्काउन खोजेको छ। जसलाई जे मन लाग्यो त्यो बोल्ने छुट छ।

मधेशी कट्टर हिन्दू धर्म समर्थक सम्प्रदाय हो। मधेश गरीब छ तर पहाडको गरीब जस्तो यसले साँझ बिहान धर्म परिवर्तन गर्दैन। तर पनि बाबुराम भट्टराई मधेशलाई बदल्न आफ्नो ठूलो खतरनाक रणनीति बनाएको छ। जसपाले उसलाई संरक्षण दिएको छ। जब मधेशलाई पूर्णरूपले यो थाहा हुन्छ कि जनता समाजवादी पार्टीले मधेशलाई क्रिश्चियन बनाउने रणनीतिमा लागेको छ। त्यो दिन बाबुरामको मात्र होइन, उपेन्द्र यादवको राजनीति पनि समाप्त हुन्छ।

लभजेहादका पनि छिटफुट घटनाहरू देखा पर्छन्। हालै इनरूवामा मुस्लिम केटा र हिन्दू केटीको प्रेम प्रसंगमा हिरासतमा रहेका मुस्लिम केटाको मृत्युबाट मुस्लिम समुदाय केटीवालाको घरमा पसी सरसामान, लत्ताकपडा आदि तोडफोट गरी घर अगाडि जसलाइदिएको घटना उग्ररूप लिन खोजिरहेको छ।

विधिको शासनमा चल्ने भनेर सबैको हस्ताक्षरित दस्तावेज छ, तर देश बेथितिमा चलिरहेको छ। बेथितिमा सबै कुरा सुलभ हुने, सरलमार्ग रहेकोले सरकार आफू मात्र होइन, सबैलाई त्यहीं मार्गमा हिंड्न बाध्य पारेको छ। फलतः देशमा अराजकता फैलिएर द्वन्द्व उठ्ने चलन नै बसिसकेको छ।

**प्रदेश नं. २ को मुख्यमन्त्रीको कार्यालयमा अख्तियारले छापा मारेको छ। मुख्यमन्त्री कार्यालयले कुनै अनियमितता नभएको भनेको छ भने अख्तियार अनुसन्धानको क्रममा छ। बिना सबुत अख्तियार छापा मार्दैन। मार्छ भने त्यो उसको लागि प्रत्युत्पादक हुन्छ।**

janukjha24@gmail.com

# डेमोक्रेसी कि क्लेप्टोक्रेसी ?

विपुल राज

राजनीतिक प्रदुषण र स्वार्थको चक्रव्यूहले गणतन्त्र निशासिँदै गएको छ। विदेशी गोटीहरू बीचको झगडाले अधिकांश दलपतिहरू नाङ्गिएका छन्। देशलाई साझा र समृद्ध बनाउन कानूनी शासनको अभ्यास जरूरी छ। कानूनको प्रयोग प्रभाव, दबाब र लोभमा गर्नु हुन्न। निर्णयकर्ताले दल, दूतावास, नेता, धर्म, जात, समुदाय, गुट वा निजी लाभका आधारमा गर्न थाल्दा न्यायमाथिको विश्वास सिद्धिनुको साथसाथै न्यायालयलाई निर्णय खरिद बिक्री केनद्रको रूपमा जनमानसले ग्रहण गर्न थाल्छ।

शिक्षा, स्वास्थ्य र न्याय सबै नागरिकका लागि निःशुल्क र सहज हुँदा मात्रै 'गणतन्त्र' लागू रहेको अनुभव गर्न सकिन्छ। समान किसिमको अपराधमा व्यक्तिपिच्छे निर्णय हुने। हत्या र बलात्कार जस्तो गम्भीर अपराधमा नेता वा पहुँचवालालाई सजाय नहुने हो भने त्यो व्यवस्थालाई गणतन्त्र होइन गुण्डातन्त्र भन्न सकिन्छ। हुन त नेपालमा गणतन्त्रको नाममा क्लेप्टोक्रेसी (Kleptocracy) छ। देशको स्रोत, साधन, शक्तिलाई दोहन गरेर निजी स्वार्थ पूरा गर्ने। पद र पहुँचलाई दुरूपयोग गरेर पारिवारिक समृद्धि हासिल गर्ने तर जनताबीच आदर्शका कुरा मात्र गर्ने बानी हाम्रो जनप्रतिनिधि/नेताहरूमा छ।

भ्रष्टाचार, जातिवाद, वंशवाद र विदेशी गुलामी आजीवन गरिरहने तर भाषणमा यी कुराको चर्को विरोध जारी राख्ने। अनैतिक र भ्रष्ट व्यवहार गरिरहने तर बोल्दा उच्च चरित्र र आदर्श जीवनबारे मात्र बोल्ने। देश र जनता ठग्ने र त्यसैलाई राजनीतिको नाम दिने। जातिवादको चर्को विरोध गरेर राजनीतिक क्षेत्रमा उचाइ लिने र आफू निर्णायक स्थानमा पुग्दा त्यहीं जातिवादलाई निरन्तरता दिने। वंशवादलाई उग्र विरोध गरी जनमत ल्याउने र आफू पदमा पुग्दा त्यहीं वंशवादलाई निरन्तरता दिने। बहुचरित्रबाट अभ्यस्त नेतृत्वले आफू जस्तै कर्मचारी, प्रशासन, न्यायालय, सञ्चार क्षेत्र र नागरिक समाजा निर्माण गरिदिएका छन्।

**बेथिति, अस्थिरता, अपराध, अराजकता र विभेदको निरन्तरता भित्र आफ्नो भविष्य खोज्ने जमात नै सबै क्षेत्रको नेतृत्वमा पुगेपछि देशको भविष्य के होला ? व्यवस्थाको जीवन कति होला ? नागरिकको जीवन कति कष्टकर होला ???**

न्याय निरूपण, भिड, हल्ला, प्रभाव र अभावबाट गर्न बाध्य बनाइराख्ने तर न्यायपालिका स्वतन्त्र हुनुपर्छ भन्न नछाड्ने। दलीय रूपमा पत्रकार र सञ्चार संस्थालाई आबद्ध गरिराख्ने तर स्वतन्त्र पत्रकारिताको अलाप गर्न नछाड्ने। सरकारी कर्मचारीलाई दलीय आबद्धता दिइराख्ने तर कर्मचारी प्रशासन साझा हुनुपर्छ भन्ने कुरा बोल्न नछुटाउने।

वि.सं. २००७ सालदेखि प्रजातन्त्रको अभ्यास गरियो, २०७८ साल आइपुग्दासम्म कुनै निकाय भ्रष्टाचारमुक्त, उदाहरणीय हुन सकेन। कोही राजनेता, कोही सर्वस्वीकार्य नागरिक अगुवा, उदाहरणीय नेता वा इमान्दार अगुवा राष्ट्रिय स्तरमा स्थापित हुन सकिएन।

बेथिति, अस्थिरता, अपराध, अराजकता र विभेदको निरन्तरता भित्र आफ्नो भविष्य खोज्ने जमात नै सबै क्षेत्रको नेतृत्वमा पुगेपछि देशको भविष्य के होला ? व्यवस्थाको जीवन कति होला ? नागरिकको जीवन कति कष्टकर होला ???

जनविश्वास गुमाउँदै गएका पक्षहरूले नै निरन्तरता पाइराख्ने हो भने नेपाल तत्कालै गृहयुद्धको चपेटामा पर्छ। कानूनको प्रयोग स्वार्थ र बदलाका लागि गरिरहने हो भने आफ्नै मुलुकभित्र नागरिकहरू शरणार्थीको जीवन बाँच्न बाध्य हुन्छन्। अभिभावकविहीन नागरिक र विदेशीका दूतका रूपमा बाँचेका नेतृत्वले क्लेप्टोक्रेसीकै माध्यमबाट नेपाललाई विखण्डन गर्ने र गृहयुद्ध गराउने प्रायः निश्चित छ। वर्तमान नेतृत्व र शैलीलाई विचार गर्दा आमनेपालीबीच "दल वा देश" मध्ये कुनै एक रोज्नुको विकल्प छैन।

# प्रधानन्यायाधीशको राजीनामा नआए अवस्था थप बिग्रिँदै जान्छ

अहिलेको निकासका लागि सजिलो बाटो राजीनामा नै हो। उहाँ पदमा कायम रहने स्थिति देखिरहेको छैन। किनभने न्यायालयमा अहिले वार कि पारको संघर्षको अवस्थामा न्यायाधीश र वकिलहरू लागिरहेका छन्।



## गिरिश चन्द्र लाल
**पूर्वन्यायाधीश, सर्वोच्च अदालत**

**० न्यायालयभित्र देखिएको संकटलाई कसरी विश्लेषण गर्नुभएको छ ?**

– यो एकदमै अभूतपूर्व अवस्था हो। यस्तो अवस्था यसअघि कहिल्यै पनि देखा परेको थिएन। प्रधानन्यायाधीश विवादमा हुनुहुन्छ, सर्वोच्च अदालतका न्यायाधीशहरू उहाँले तोकेको बेन्चमा नबस्ने भन्नुभएको छ। बार एसोसिएसनले पनि प्रधानन्यायाधीको राजीनामा नआएसम्म बेन्चमा नबस्ने भनेको छ। यस्तो परिस्थिति कहिल्यै भएको थिएन। त्यसैले यो एउटा अप्ठ्यारो अवस्था त अवश्य हो।

**० यस्तो अप्ठ्यारो अवस्था किन आयो ?**

– न्यायाधीशहरू प्रधानन्यायाधीशको कार्यप्रणालीबाट असन्तुष्ट छन्। प्रधानन्यायाधीशले राम्रो नियतले काम गरिरहनुभएको छैन भनेर न्यायाधीशहरूले भन्दै आएका छन्। केही मुद्दाहरूको उदाहरण पनि दिइराखिएको छ। रञ्जन कोइरालाको मुद्दामा उहाँले कैद घटाइदिनुभयो, राजनीतिक रूपले निर्देशित फैसलाहरू भएका छन् भनेर भनिदैछ। प्रशासनसँग उहाँको सामिप्यता छ। जो प्रधानमन्त्री भएपनि उहाँले बार्गेनिङ्ग गर्नुहुन्छ भनेर आरोपहरू छन्। संवैधानिक परिषद्का नियुक्तिहरूमा पनि भागवण्डा हात पार्नुभएको छ, त्यस्तै मन्त्रिपरिषद् विस्तार हुँदा त्यसमा पनि आफ्नो भाग पाउनुभएको थियो भन्ने लगायतका आरोपहरू छन्। यो अवस्था न्यायालयका लागि राम्रो होइन। यसले गर्दा निष्पक्षतापूर्वक न्याय सम्पादन भइरहेको छैन, यसमा प्रधानन्यायाधीशको भूमिका स्वच्छ भइरहेको छैन भनेर नेपाल बार र पूर्वन्यायाधीशहरूको धारणा छ।

**० मन्त्रिपरिषद्मा प्रधानन्यायाधीशले भाग खोज्नुभयो भन्ने कुराले अहिले उहाँको भूमिका विवादित भएको हो ?**

– उहाँको भूमिकामाथि पहिले पनि प्रश्न उठ्दै थियो तर मन्त्रिपरिषद्मा भागवण्डाको कुरा उजागर भएको हो।

**० प्रधानन्यायाधीश विवादित भइसकेपछि के गर्नुपर्ने हो ?**

– अहिलेको समस्याको समाधान प्रधानन्यायाधीशकै हातमा छ। उहाँले निकास दिन सक्नु हुन्छ भनेर पूर्वन्यायाधीशहरूको फोरमले पनि भनेको छ। उहाँले राजीनामा गरिदिनुभयो भने उहाँको त्याग हुन्छ, अदालतको प्रतिष्ठा पनि सुरक्षित रहन्छ र प्रधानन्यायाधीश पदको पनि सुरक्षा हुन्छ। प्रधानन्यायाधीश आफैमा एउटा संस्था हो। त्यसकारणले राजीनामा गर्नु नै राम्रो हुन्छ।

**० प्रधानन्यायाधीशले राजीनामा दिनुभएन भने न्यायालयमाथिको विश्वास गुम्छ ?**

– उहाँले राजीनामा दिनुभयो भने धेरै हदसम्म न्यायालयको आस्था कायम रहन्छ। अहिलेसम्मको गतिविधिले न्यायालयको विश्वास धेरै बिग्रियो तर अहिले पनि समय छ।

**० अहिलेकै अवस्था कति लम्बिन सक्छ ?**

– प्रधानन्यायाधीशको राजीनामा आएन भने त यस्तो अवस्था लम्बिँदै जान्छ। किनभने संवैधानिक रूपले उहाँलाई हटाउने अर्को उपाय महाअभियोग नै हो। त्यो महाअभियोग संसदमा लगाउनुपर्ने हुन्छ। त्यसका लागि राजनीतिक दलहरूले प्रतिबद्धता जाहेर गर्नुपर्‍यो, संसदको दुई तिहाइ पुर्‍याउनुपर्‍यो। यी सबै कुराहरूले गर्दा अलि लामो प्रक्रियामा जान्छ। अहिले संसदको जुन अवस्था छ, त्यसले के होला नहोला भन्न सकिन्न। उहाँ आफ्नो पदमा कायमै रहनुभयो भने नराम्रो परिस्थिति बन्दै जान्छ। त्यसकारण अहिलेको निकासका लागि सजिलो बाटो राजीनामा नै हो। उहाँ पदमा कायम रहने स्थिति देखिरहेको छैन। किनभने न्यायालयमा अहिले वार कि पारको संघर्षको अवस्थामा न्यायाधीश र वकिलहरू लागिरहेका छन्। त्यसकारण अप्ठ्यारो परिस्थिति छ।

**० उहाँ राजीनामा नदिने अडानमा हुनुहुन्छ, महाअभियोगबाट हट्ने संवैधानिक र कानूनी प्रावधान छ। यसबाहेक अन्य कुनै विकल्प छैन ?**

– उहाँलाई बहिर्गमन गर्ने संवैधानिक र कानूनी विकल्प भनेको महाअभियोग मात्रै हो। यो एकदमै गम्भीर अवस्था हो। यस्तो अवस्था अहिलेसम्म कसैले पनि सामना गरेको थिएन। यससँग जोडिएर अन्य न्यायाधीशहरूको पनि चर्चा परिचर्चा भइरहेका छन्। सर्वोच्च अदालतका अन्य न्यायाधीशहरूको पनि भूमिका केही न केही विवादास्पद थियो। तर अहिले प्रधानन्यायाधीशले राजीनामा गरेपछि निकास निस्किन सक्छ।

**० प्रधानन्यायाधीशलाई महाअभियोग लगाउने संसदभित्रका दलहरू अनिच्छुक देखिएका छन् नि ?**

– यो कुरा त दलहरूले जानून कि प्रधानन्यायाधीशलाई किन बचाउन खोजिरहेका छन्। बाहिर अहिले नराम्रै धारणाहरू छन्। सबै नेताहरूसँग सम्बन्धित मुद्दाहरू छन्। कुन नेतालाई पत्याउने वा कसलाई नपत्याउने भनेर जनतालाई पनि अप्ठ्यारो भइरहेको छ। यी सब कुराहरूले राजनीतिक दलका नेताहरू पनि शंकाको घेरामा छन्। तर अहिले न्यायालयमाथि जुन अविश्वासको वातावरण छ, त्यो एकदमै अभूतपूर्वरूपले आइरहेको छ। धेरै दिनदेखि यस्ता गुनासाहरू देखिरहेका थिए, तर त्यतिको प्रकट भएर आइरहेको थिएन। अहिले प्रधानन्यायाधीशबाहेक सबै न्यायाधीशले राजीनामा गर्नुपर्छ भनेर भनिरहेका छन् अर्कोतिर वकिलहरूले पनि सहमति देखाइरहेका छन्। पूर्वन्यायाधीश फोरमले पनि आह्वान गरिरहेको छ कि निकास दिनुस्। आमजनतामा पनि यस्तै किसिमको धारणा छ। न्यायालयमा यस्तो स्थिति पहिलोपटक भएको हो।

**० यस्तो अवस्थामा निकास कसरी निस्किएला ?**

– निकास त निस्किन्छ नै। विस्तारै राजनीतिक दलहरूभित्र पनि छलफल हुँदै गर्ला र निकास निस्किएला भन्ने सकारात्मक रूपमा सोचौं। अब यसको कस्तो निकास निस्किएला भन्न सकिँदैन।

**० प्रधानन्यायाधीशको नेतृत्वमा विघटित प्रतिनिधिसभाले पुनर्जन्म पायो, उहाँको ऐतिहासिक फैसला भनेर धेरै प्रशंसा गरियो। अहिले विवादित हुँदा कस्तो असर पर्ला ?**

– सर्वोच्चबाट विभिन्न फैसलाहरू आइरहेका छन्। संसद विघटनको सन्दर्भमा राम्रो फैसला आयो। जनताको सदीक्षा पनि त्यही थियो, जनताले प्रशंसा गरे। तर सबै प्रकारको फैसलाप्रति त्यसै प्रकारको दृष्टिकोण त आइरहेको छैन नि। संसद विघटनको मुद्दामा जनता गम्भीर नभएको भए अर्कै फैसला आउन सक्थ्यो। हरेक फैसलामा संविधानको पालना गरिएको छ भनेर भन्न सकिँदैन। तर अब संसद राम्रोसँग चलेन भने जनताले अर्को उपाय खोज्लान्। ऋषिराम कट्टेलको मुद्दामा सर्वोच्चबाट जुन फैसला भएको छ, त्यसबाट पनि केही नकारात्मक प्रभाव पारेको छ। समावेशीकरणको मुद्दामा पनि आएको फैसलाप्रति असन्तुष्टिहरू देखिएका छन्। त्यसैले जनताबाट कुनै फैसलाको प्रशंसा हुन्छ भने कुनै फैसलाको आलोचना पनि हुन्छ। तर अहिले अवस्था एकदमै नराम्रो हो।

**० तत्कालीन प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले संसद विघटन मुद्दामा परमादेश जारी गर्ने सबै न्यायाधीशहरूको राजीनामा आउनुपर्ने अभिव्यक्ति दिनुभएको छ, यसलाई कसरी हेर्नुहुन्छ ?**

– त्यो त उहाँको व्यक्तिगत अभिव्यक्ति हो। अभिव्यक्ति दिने स्वतन्त्रता छ। व्यक्तिगतरूपले कसैको सन्तुष्टि वा असन्तुष्टि हुनसक्छ। त्यसकारणले उहाँप्रति आक्रोश देखाइरहनुपर्ने आवश्यक छैन। विपक्षी नेताको हैसियतले उहाँको त्यस्तो अभिव्यक्ति आयो। त्यो फैसलाले उहाँलाई पदच्यूत गरिदियो, त्यसले गर्दा उहाँ आक्रोशित हुनु स्वाभाविक हो। त्यसैले उहाँको अभिव्यक्ति सही वा गलत भन्नु हुँदैन। सबैलाई अभिव्यक्ति स्वतन्त्रता छ। उहाँको अभिव्यक्तिको जनताले मूल्यांकन गर्छन्। त्यही मूल्यांकनको आधारमा नेताको भविष्य पनि तय गर्छ। किनभने चुनाव आउनेवाला छ। उहाँको भनाइ राम्रो र सत्य छ भनेर जनतालाई लाग्यो भने फेरि उहाँलाई सत्तामा पुर्‍याउन सक्छ।

**० अन्त्यमा, न्यायालयको विवादबारे निष्कर्षमा के भन्नुहुन्छ ?**

– प्रधानन्यायाधीशको राजीनामाबाहेक अर्को कुनै विकल्प छैन। उहाँले राजीनाम नगरे अवस्था बिग्रिँदै जान्छ र त्यसले कस्तो परिस्थिति निर्माण गर्छ भन्न सकिन्न।

# जनताको काम नगरेपछि जनताले त कारबाही गर्छ नै

हाम्रा विरूद्धमा नाराबाजी गर्नेहरूलाई हेर्नुभयो भने कस्ता मान्छेहरू छन्, प्रष्टै हुन्छ। टोलका गुण्डा र ठेकेदारका गुण्डाहरू ईन्जिनियरको नाममा नाराबाजी गरेर सबै ईन्जिनियरलाई बेइज्जत गर्न पाउँदैन। म सबै ईन्जिनियर साथीहरूलाई आह्वान गर्न चाहन्छु कि तपाइँहरूको साथ र सहयोगले देश बन्ने हो।



## इन्द्रजीत यादव
**उपमहासचिव, जनमत पार्टी**

**० जनमत पार्टीले जनकपुरमा किन उत्पात् मच्चाइरहेको छ ?**

– जनमत पार्टीले उत्पात् मच्चाएको होइन, यो जनताको आक्रोश हो। त्यो जनआक्रोशमा सर्वसाधारणदेखि सबै दलका कार्यकर्ताहरू पनि सहभागी थिए। जनताको काम गर्ने जिम्मा लिएका कर्मचारीले काम नगरेपछि त्यस्तो आक्रोश पोखिएको मात्र हो।

**० तपाइँहरूले जनकारबाहीको नाममा अराजक गतिविधि गर्नुभयो नि ?**

– हामी एक्कासी यस्तो कारबाही गरेका होइनौं। यसअघि जसरी जनकपुरका ढल निकास कार्यालयले आधा काम गरेर छाडिदिएको थियो, सडकहरू पनि त्यतिकै अल्पत्र छाडिएको थियो, यस्ता बेथितिहरूका बारेमा बारम्बार हामीले नगरपालिका र कार्यालयमा जानकारी गरायौं। तर, सम्बन्धित पक्षले कहिल्यै पनि गम्भीर भएर जनताको अप्ठ्याराहरूबारे हेरेनन्। ढलको निकास नहुँदा आवत-जावतमा समस्या छ, विद्यार्थीहरू विद्यालय जानबाट बञ्चित छन्। त्यहाँका स्थानीयहरूले हस्ताक्षरसहित ज्ञापन बुझाएको थिए। हाम्रा समस्याहरू समाधान गर्नुपर्‍यो भनेर सबै स्थानीय सडकमा आएका छन्। जनताको समस्यालाई बेवास्ता गरेकोले बाध्य भएर जनताले कारबाही गरेको हो।

**० तर दुर्व्यवहार गर्नु सभ्यता हो ?**

– जब जनताको आक्रोश बाहिर आउँछ, त्यसबेला सभ्य वा असभ्य भन्ने कुरा हुँदैन। जुन समस्या त्यहाँका जनताले भोगिरहेका छन्, त्यसको अनुभव कार्यालयमा बस्ने कर्मचारीले पनि गरोस् भनेर सचेत गराइएको हो।

**० तपाईंको पार्टी अध्यक्ष डा.सीके राउतको घरसम्म जाने बाटो पीच गरिएन भन्ने रिसमा कर्मचारीलाई दुर्व्यवहार गरियो भन्ने आरोप छ नि ?**

– यो अफवाह मात्रै हो। हामीले कुनै प्रतिशोध साँध्नका लागि त्यस्तो गरेका होइनौं। हामीले पूरै जनकपुरको बेथितिलाई हेर्न सक्छौं। संघीय खानेपानी तथा आयोजना कार्यालय जनकपुरले नै ठेक्का दिएको हो। त्यो काम किन हुन सकेन भनेर त्यसको निगरानी कसले गर्ने ? कुर्सीमा जो बसेको हुन्छ, उसलाई नै गएर सोध्ने हो।

**० ईन्जिनियर राजेश्वर कुशवाहामाथि जुन दुर्व्यवहार गरियो, त्यो जनकारबाही थियो कि तपाईंहरूको योजना थियो ?**

– बेथितिहरूबाट जनता आजीत भइसकेका छन्। त्यो जनकारबाही थियो र यस्ता कार्य अब निरन्तर भइरहन्छ। हाम्रो मुख्य अभियान भ्रष्टाचार र अनियमितता विरूद्धमा हो। भ्रष्टाचार गर्ने जो कोही होस्, अब जनताले छाड्नेवाला छैन। विकास नहुनुको मुख्य कारण नै भ्रष्टाचार हो, जोकोही भ्रष्टाचारीलाई कारबाही हुनुपर्छ। त्यो ईन्जिनियरलाई दुर्व्यवहार गरिएको होइन, जनताले दिनहुँ भोगिरहेको समस्याबारे अनुभव मात्र गराइएको हो। जनता दिनहुँ त्यो फोहोर वा हिलोमा हिंड्न बाध्य हुने तर त्यसको निर्माण गर्ने जिम्मेवारी पाएकालाई त्यसको अनुभूति होस् भन्ने आशय थियो। यो हाम्रो कुनै योजना थिएन, जनता आक्रोशित भएर जनकपुरमा घुमाइएको हो।

**० त्यो दुर्व्यवहारप्रति तपाईंहरूलाई कुनै पश्चाताप छैन ?**

– हामी जनताको साथ छौं। जनताले जसरी सास्ती भोगिरहेका छन्, त्यसको अगाडि हामीलाई कुनै किसिमको पश्चाताप छैन कि एउटा कर्मचारीमाथि दुर्व्यवहार भयो भनेर। हाम्रा लागि जनता जनार्दन हुन्, जनताले जे चाहेका छन्, त्यो हुनुपर्छ भन्ने हाम्रो मान्यता हो।

**० तपाईंहरू महात्मा गान्धी, नेल्सन मण्डेला र गौतम बुद्धलाई आफ्नो आदर्श मान्नुहुन्छ, शान्ति र अहिंसाको सिद्धान्तलाई मान्नुहुन्छ भने यस्तो अराजकता किन ?**

– जहाँको व्यवस्था सभ्य हुन्छ, त्यहाँ यस किसिमको सिद्धान्त र व्यवहार लागू हुन्छ। हामी विधिको शासन मान्ने हो। कानूनले नै सबथोक गरिदिएको भए हामीले त्यस्तो व्यवहार गर्नुपर्ने कुनै आवश्यकता थिएन। प्रदेश २ मा त्यत्रो भ्रष्टाचार र अनियमितता भएको छ भनेर महालेखा परीक्षकको प्रतिवेदनमै छ। तर कानूनअनुसार कुनै कारबाही भएको छैन। राज्यका अंगहरू बलियो भने भ्रष्टाचार हुँदैन। जनताको करबाट राज्यका संयन्त्रहरू चलिरहेको छ भने जनतासँग अधिकार छ कि उसको काम गर्नुपर्‍यो।

**० तपाईंको पार्टीका १७ जनालाई पक्राउ गरी मुद्दा चलाइएको छ, अब के गर्नुहुन्छ ?**

– हामी मुद्दाबाट डराउने मान्छे होइनौं। किनभने यसअघि पनि हामी विभिन्न झुठा मुद्दाहरू खेपिसकेका छौं। हामीमाथि राज्यद्रोहको मुद्दा पनि लगाइएको थियो। तर जनताका लागि हामी जेपनि गर्न तयार छौं। यस्ता झुठा मुद्दाहरू लगाएर केही पनि हुनेवाला छैन। जनताले हेरिरहेका छन्। सारा जनताले भनिरहेका छन् कि ती कर्मचारीमाथि जे गरियो त्यो ठिक थियो।

**० तर, तपाईंको पार्टीका विरूद्धमा पनि प्रदर्शन र आन्दोलन भइरहेको छ नि ?**

– जुन ईन्जिनियर भ्रष्ट छैन भने उनीहरू भ्रष्टाचारको कारबाहीका विरूद्धमा नाराबाजी गर्नुपर्ने कारण छैन। हाम्रा विरूद्धमा नाराबाजी गर्नेहरूलाई हेर्नुभयो भने कस्ता मान्छेहरू छन्, प्रष्टै हुन्छ। टोलका गुण्डा र ठेकेदारका गुण्डाहरू ईन्जिनियरको नाममा नाराबाजी गरेर सबै ईन्जिनियरलाई बेइज्जत गर्न पाउँदैन। म सबै ईन्जिनियर साथीहरूलाई आह्वान गर्न चाहन्छु कि तपाइँहरूको साथ र सहयोगले देश बन्ने हो। एउटा ज्वलन्त उदाहरण हेर्नुस्, धनुषा र सिरहा जोड्ने कमला नदीको पुल हो। ईन्जिनियरले नै सर्वे गरेर त्यसको नक्सा पास गरेका हुन्। त्यो पुल उद्घाटन नै नगरिकन किन भाँसियो ? त्यसको जिम्मा कसले लिने ? बाटोघाटो निर्माण लगत्तै भत्किने गर्छ, त्यसको जिम्मा कसले लिने ? ईन्जिनियर भनेको 'की प्वाइन्ट' हुन्। मापदण्ड नै पूरा नगरिकन यिनीहरूले बिल पास गराइदिन्छन्, त्यसको भत्ता र कमिशन कहाँ-कहाँ पुर्‍याउँछन् ? ईन्जिनियरहरूकै कारणले यस्ता भ्रष्टाचार र अनियमितता भइरहेको सत्य र तथ्य छ। यिनीहरूले चाह्यो भने देशको मुहार फेरिन्छ तर गर्दैन। उनीहरू यदि आन्दोलन नै गर्ने हो भने राजनीतिक दल खोलेर आओस्।

**० ईन्जिनियरहरूले भ्रष्टाचार गर्छन् भन्ने प्रमाण छ ?**

– भ्रष्टाचारमा ईन्जिनियरको पनि हस्ताक्षर महत्वपूर्ण छ। कुनै पनि प्राविधिक वा ईन्जिनियरको हस्ताक्षर बिल पास हुँदैन। कुनै पनि योजना वा परियोजनाहरू उनीहरूको हस्ताक्षर अगाडि बढ्दैन भने भ्रष्टाचार भएको छैन भन्न सकिन्न। उनीहरूको सम्पत्ति छानबिन गर्दा भइहाल्छ नि। कुन योजनामा कतिको लगानी र कतिको काम भएको छ त्यसको छानबिन गरोस् न, त्यतिकै थाहा भइहाल्छ।

**० भ्रष्टाचार र अनियमितताको छानबिन, अनुसन्धान र कारबाही गर्ने राज्यका विभिन्न संयन्त्रहरू छन्। राज्यले कारबाही गर्ने हो, तपाईंहरू आफै कानूनलाई हात लिन मिल्दैन नि ?**

– हाम्रो देशमा कानून छ, विधिको शासन छ तर भ्रष्टाचार र अनियमितता गर्नेहरूलाई कारबाही हुँदैन। यदि राज्यका संयन्त्रहरूले त्यस्ता भ्रष्टाचारीलाई कारबाही गरेको भए, हामी त्यो किसिमको कदम चाल्नुपर्ने आवश्यकता नै पर्दैन्थ्यो। प्रदेश २ को मुख्यमन्त्री कार्यालयमै अख्तियारले छापा मार्‍यो, तर कारबाही भएको छैन।

**० भनेपछि राज्यका संयन्त्रहरूको काम छैन ? जनताले नै कारबाही गर्नुपर्ने हो ?**

– राज्यका संयन्त्रहरूले आफ्नो जिम्मेवारी पूरा गर्ने हो भने जनताले कारबाही नै गर्नुपर्दैन। जनताको करबाट तलब खाइरहेकाहरूले जनताको काम नगरेपछि जनता त कारबाही गर्छ नै। विधिको शासनको पालना गर्नुपर्छ। तर विधिको शासन लागू गराउने संयन्त्रहरू इमान्दार नभएपछि जनकारबाही हुनुपर्छ।

# अभिशप्त छ सर्वोच्च अदालत !



जयप्रकाश गुप्ता

बि.स. २०४७ यता चोलेन्द्र शम्सेर २२औं प्रधान न्यायाधिश हुन् । अन्ततः यिनी पनि महाविवादमा परेका छन् । यस श्रृँखलाका प्रायशः चर्चित न्यायाधिशहरू गंभीर बिवादमा परेर अत्यन्त अपमान रूपबाट बाहिरिए । उनीहरूको अवकाश पश्चातको सार्वजनिक जीवन सहज रहेन ।

विश्वनाथ उपाध्याय समकालीनमध्ये सर्वाधिक चर्चामा रहे । वि.स. २०४७ सालका बहुदलीय संविधानका उनी मुख्य निर्माता थिए । दरबारका शहमा सेनाका जर्नेलहरू बुट बजार्दै संविधान मस्यौदा समितिको अफिस पुगेका थिए । नवोदित एमालेको अनेकन् कठिन सुझावहरू थियो जो संविधानवादसँग मेल खाँदैनथ्यो - यस्तो कठिन समयमा विश्वनाथ उपाध्यायले संविधानको मस्यौदा तयार पारेका थिए । तर केही वर्ष नबित्दै उनी एमाले पार्टीको नजरमा अपराधी ठहरिए । प्रम गिरिजा प्रसाद कोइरालाले सिफारिश गरेको संसदको विघटनलाई सदर गरेर र पछि प्रम मनमोहन अधिकारीले सिफारिश गरेको संसदको विघटनलाई बदर गरेर उनी नेपाली कांग्रेसका गिरिजा विरोधी खेमा तथा एमाले पार्टीको कोपभाजनमा परे । यसका अतिरिक्त आफ्ना सहोदर भाई केदारनाथ उपाध्यायलाई सर्वोच्च अदालतमा प्रवेश गराए । साथै उनी भन्दा वरिष्ठ न्यायाधीश कृष्णजंग रायमाझीलाई पन्छ्याएर न्यायपरिषदको सिफारिशमा प्रधानन्यायाधीश हुनु विवादजन्य कारण मानिन्छ । यहींबाट एमालेले सर्वोच्च अदालतलाई स्वार्थको सर्वोच्च स्थानमा राख्यो, कांग्रेसले पनि सोही कुराको अनुशरण गर्दै गयो ।

एमालेले अर्का प्रधानन्यायाधीश सुरेन्द्र प्रसाद सिंहलाई पासोमा पार्यो । उनीविरूद्ध संसदमा महाअभियोगको प्रस्ताव लिई आयो । तत्कालीन सभामुख रामचन्द्र पौडेलले सभामुखको विशेषाधिकारको आधारमा सो प्रस्तावउपर छलफल गर्न अस्वीकार गरेपछि सभामुख पौडेलमाथि शारिरीक प्रहार भयो । मध्यरातमा एमालेका सांसदहरूले सभामुखको कार्यकक्ष फुटाले । शायद एमालेको यस प्रकरणले पहिलो पटक स्थापित गर्‍यो कि न्यायाधीशको आसनमा निर्विघ्न बस्न राजनीतिक शक्तिको पक्षपोषण गर्नु जरूरी छ । सुरेन्द्र प्रसाद सिंह आफ्नो आँखाको आँशु आँखामै सुकाएर अवकाश भए । आफूले भोगेको अपमानबारे यिनी पछिसम्म सुनाई रहन्थे ।

प्रधानन्यायाधीश केशव प्रसाद उपाध्यायलाई नेपार बारले अकर्मण्य ठहराएका थिए । यिनको समयमा सरकार माओवादहरूलाई आतंककारी घोषित गरेको थियो । तर, यिनी माओवादीमैत्री रहेको आरोप तत्कालीन सरकारका मन्त्रीहरूले लगाउने गर्थे । ठिक यस विपरीत माओवादहरूले भने जिल्ला भ्रमणको क्रममा यिनको मोटरलाई एम्बुसमा पारेका थिए, यिनको ज्यान जोगियो ।

केदारप्रसाद गिरीलाई एमालेले रूचाएको थिएन । यिनको पुत्रलाई तत्कालीन गृहमन्त्री खुमबहादुर खड्काले प्रहरी सेवामा प्रवेश गराएको तथा गिरीको हिमछिम काँग्रेसीहरूसँग रहेको कुरा एमालेलाई पचेको थिएन । वास्तवमा धनुषा निवासी केदार गिरीको पारिवारिक पृष्ठभूमि नेपाली कांग्रेस पक्षधर रहेको थियो । संसदीय अनुमोदनको क्रममा एमालेले केदार गिरीको लागि गरिएको सिफारिशलाई पास हुन दिएन । यद्यपि त्यस बेलाको संविधानका प्रावधानअनुसार संसदीय समितिले यिनको नाममा मोहर नठोके पनि प्रधानमन्त्री (शायद गिरिजाप्रसाद कोइराला) को सिफारिशमा केदार गिरी राष्ट्रपतिबाट प्रधान न्यायाधीशमा नियुक्त गरिए ।

केदारप्रसाद गिरीलाई एमालेले पत्याएन । यिनको अवकाश हुनुअघि भावी प्रधानन्यायाधीशको लागि न्याय परिषद्बाट वरिष्ठतम न्यायाधीश रहेका मीनबहादुर रायमाझीको नाम सिफारिश गरिएको थियो । यस सिफारिशलाई एमाले र माओवादी दुबैले मन पराएनन् । प्रचण्ड प्रधानमन्त्री थिए । उनले लामो समयसम्म संवैधानिक परिषद्को बैठक डाकेनन् । एमाले र माओवादी दुबैले मीनबहादुर रायमाझीभन्दा कनिष्ठ रहेका खिलराज रेग्मीलाई प्रधानन्यायाधीश बनाउन चाहन्थ्यो । तर निकै लामो माथापच्चि पश्चात मीनबहादुर रायमाझी प्रधानन्यायाधीश भए ।

खिलराज रेग्मी एमाले र माओवादी दुबैका लागि रूचिकर प्रधानन्यायाधीश भए । साथै, खिलराजलाई भारतले पनि उत्तिकै रूचाएको कुरा बुझ्न अझै कठिन छ । खिलराज रेग्मीभन्दा अघिका प्रधान न्यायाधीशहरूले र मुख्य राजनीतिक दलहरूले एक जना भावी न्यायाधीशका बारेमा सोच्दथे । तर, खिलराजले पहिलो पटक नेपालको न्याय प्रणालीमा वंशवादका झै उत्तराधिकारीहरूको लामो सोच राख्यो । आज पनि सर्वोच्च अदालतमा पूर्वप्रधानन्यायाधीशहरू खिलराज रेग्मी, कल्याण श्रेष्ठ र सुशीला कार्कीको हालिमुहाली कायम रहेको चर्चा जानकारहरूले गर्ने गर्दछ । यथार्थमा खिलराज रेग्मीले आफूपछिका तीनजना न्यायाधीशहरूको "ट्रोईका" खडा गरे । दुई तीनवटा गम्भीर कारणहरूले खिलराज रेग्मीको समय उल्लेखनीय रहेको छ । पहिलो, यिनले प्रधानन्यायाधीशहरूमा खतरनाक राजनीतिक महत्वाकाँक्षाको बिजारोपण गरे । संबिधानसभाको आयुलाई रोकेर, तथा त्यस बेला राजनीतिक दलहरूमा कायम रहेको एक अर्कालाई निषेध गर्ने प्रवृतिको फायदा उठाएर, भारतको समेत सहकार्यमा यिनले आफूलाई सरकार प्रमुखमा पुर्‍याए । आज धेरैले बिर्सेका होलान् । तर खिलराजको यस मनसायको त्यसबेला बार र नागरिक समाजले कटु आलोचना गरेको थियो । दोस्रो, यिनले नेपालको न्याय प्रणालीमा पहिलो पटक लामो समयसम्म प्रधान न्यायाधीश हुन सक्नेहरूको "उत्तराधिकारको लाइन" खडा गरे । करिव २०/३० वर्षसम्म एकपछि अर्को प्रधानन्यायाधीश हुनेहरूको कार्ययोजना बन्यो । तेस्रो, खिलराज रेग्मीको कार्यकालमा राजनीतिक र उच्च प्रशासनिक व्यक्तिहरूका मुद्दामा प्रतिशोध साध्ने कार्यको शुरूआत भयो । खिलराजको कार्यकाल सर्वोच्च अदालतमा बढी कुटील र खतरनाक कार्यकालको रूपमा लिन सकिन्छ ।

दामोदर शर्मा बिवादबाट मुक्त रहेन । यिनीउपर अदालतमा बिचौलिया प्रवृतिलाई बढावा दिएको आरोप छ । तर, वामपन्थीहरूले दामोदरलाई कहिल्यै पत्याएन । साथै, खिलराजको समयमा खडा भएको "ट्रेयका" को उत्तराधिकारवादलाई यिनले तोड्ने केही प्रयास गरेकोले यिनी बढी आलोच्य बनाइए । अहिलेका विवादीत प्रधानन्यायाधीश चोलेन्द्र शम्सेर, खिलराज रेग्मी र सुशीला कार्कीबाट कारवाहीमा पारिएका थिए । दामोदरले चोलेन्द्रलाई न्याय परिषदबाट मिनाहा माफी दिलाएर लामो समयसम्म सर्वोच्च अदालतको प्रधानन्यायाधीश हुने लाइनमा योग्य बनाए । प्रकाश बस्ती अख्तियार दुरूपयोग अनुसन्धान आयोगका वैतनिक कानुनी सल्लाहकार थिए । उनलाई ट्रोईका रणनीतिले सर्वोच्च अदालतमा ल्याएका थिए । दामोदर शर्माले प्रकाश बस्तीलाई स्थायी न्यायाधिश हुन दिएन । कल्याण-सुशीलाहरूलाई यसबाट ठूलो धक्का पुगेको थियो । प्रेस र नागरिक समाज तथा कांग्रेस विरोधी राजनीतिक धुरीमा गहिरो प्रभाव राखेका ट्रोईकाले दामोदर शर्मालाई ठूलो आलोचनाको घेरा भित्र पुर्‍यायो । भनिन्छ, दामोदरले थोरै भएपनि ट्रोईका रणनीतिलाई अवरोध गर्ने प्रयास नगरेको भए नेपालको न्याय व्यवस्था अझ अवनतिको खाडलमा जाकिने थियो । एक राजनीतिक समूहको ट्रोईकाको खतरनाक मनोकाँक्षाको दीर्घकालसम्म कमारो रहन्थ्यो ।

सुशीला कार्कीको अवकाश शायद सर्वाधिक अपमान जनक र अवसादपूर्ण रह्यो । प्रम शेरबहादुर देउवाको इसारामा नेपाली काँग्रेसका सांसदहरूले प्रधानन्यायाधीश सुशीला कार्कीको बिरूद्ध संसदमा महाअभियोगको प्रस्ताव पेश गर्यो। महाअभियोगको यो प्रस्तावको सबै तिरबाट आलोचना भयो, आधारहरू कमजोर थियो।तर तेही बेथाले सुशीला स्वभाविक अवकाश पाउनु भन्दा करिब २ साता अघि अत्यन्त अपमान जनक ढंगबाट बेईज्जतिका साथ बहिरिनु पर्‍यो । उनले बेन्च तोक्न सकिन । जुन चोलेन्द्र शम्सेरलाई तरेपार पुर्‍याएकी थिईं, तिनै चोलेन्द्रको शरणागत भई, गोप्य सम्झौता गरी महाअभियोगलाई निरस्त गराई । चोलेन्द्र शम्सेरका लागि बाटो प्रशस्त गरी । यस अपमानको बोध र तुष आज पनि सुशीलाको कर्कश स्वभावमा तथा सदैव क्रोधाभाषको अनुहारमा देखिन्छ ।

गोपाल पराजुलीको प्रधानन्यायाधीशको रूपमा बहिर्गमन उनको लागि अत्यन्त अपमानजनक रहयो। शायद आफ्नो प्रकारको अद्वितीय। पराजुली अहिले संचार माध्यममा सक्रियताका साथ आफू उपर भएको षडयन्त्र भनिरहेका छन् । यसर्थ मैले यहाँ धैरै लेख्नु आवश्यक ठानिन् । दीपक जोशीलाई एमालेको बिरोधले प्रधान न्यायाधिश हुन दिएन। संसदीय समितिको जोडबलले अनि उपरको आरोपको पुष्टी पनि कसैले गर्नु परेन । उनि बलात् कामु प्रधानन्यायाधीशबाटै फ्याकिए । अब पालो आएको छ- चोलेन्द्र शम्सेरको । हेर्नुछ राणा साहेबको हविगत ।

सर्वोच्च अदालतमा विश्वनाथ उपाध्यायदेखि हाल बहालवाल बाहेक २१ जना प्रधान्यायाधीशहरू भए । एकाध अपवाद बाहेक कुनैपनि प्रन्याको बहिर्गमन सम्मानजनक तथा गम्भीर आरोपबिहीन रूपमा भएन । बाँचेका पूप्रन्याहरू अहिले "कोतपर्व" बाट जीउँदै उम्केझै ठानेको हुनुपर्छ ।




## मधेश अपडेट

### प्रधानमन्त्रीद्वारा प्रभावित क्षेत्र अवलोकन

कैलाली । प्रधानमन्त्री शेरबहादुर देउवाले कैलालीको पूर्वीक्षेत्रका बाढी, पहिरो, डुबान प्रभावित क्षेत्रको स्थलगत अवलोकन गरेका छन् । अर्थमन्त्री जनार्दन शर्मा र पर्यटनमन्त्री प्रेमबहादुर आलेसहित आएका प्रधानमन्त्री देउवाले शुक्रबार टीकापुर, भजनी नगरपालिका र जानकी गाउँपालिकाका बाढी प्रभावित क्षेत्रहरूको अवलोकन गरेका हुन् । प्रधानमन्त्री देउवाले टीकापुर नगरपालिका वडा नं. ८ बनगाउँमा बाढी प्रभावितसँग भेट गर्दै सरकारले प्रभावितका लागि राहतको कार्यक्रम ल्याइसकेको बताए । प्रधानमन्त्री देउवाले बाढीबाट लामो समयदेखि प्रभावित हुँदै आएको टीकापुर क्षेत्रको बाढी समस्या समाधानका लागि दीर्घकालीन कार्यक्रमहरू ल्याइने बताए । प्रधानमन्त्री देउवालाई नेपाली काँग्रेस सुदूरपश्चिम प्रदेश संसदीय दलका नेता डा. रणबहादुर रावलले बाढीले गरेको क्षतिबारे ब्रिफिंग गरेका थिए । स्थानीय मानबहादुर चौधरीले वि.सं. २०४० सालपछिकै ठूलो बाढीले आफूहरूको धानबाली सबै क्षति भएको बताए । कार्यक्रममा टीकापुर नगरपालिकाका नगर प्रमुख तपेन्द्र रावलले बाढी प्रभावितका लागि प्रधानमन्त्री देउवालाई ज्ञापनपत्र बुझाएका थिए । यस्तै, नेपाली काँग्रेस, नेकपा माओवादी केन्द्र लगायतका दलहरूले समेत बाढी प्रभावित क्षेत्रमा तत्काल राहतका कार्यक्रम ल्याउन माग गर्दै ज्ञापनपत्र बुझाएका थिए । बाढी प्रभावित क्षेत्रका बासिन्दासँग भेटेर विपद्को वास्तविकता बुझ्न प्रधानमन्त्री देउवा बिहीबारदेखि सुदूरपश्चिम क्षेत्रको भ्रमणमा छन् ।

### 'शिक्षा लिनुस्, रोजगारी पाउने निश्चित छ'

जनकपुरधाम । प्रदेश नं. २ का मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीले मुलुकको सम्पूर्ण उत्पीडित समूदायको एक मात्र हितैसी जनता समाजवादी पार्टी नेपाल रहेको बताएका छन् । जसपाका अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा भएको मधेश जनविद्रोहले मुलुकमा संघीयता लागु भएको र संघीयताकै कारण आज सम्पूर्ण उत्पीडित समुदाय टाउको उठाएर आफनो कुरा राख्न सक्षम भएको उनको कथन थियो । धनुषाको सबैला नपा ४ जरहियामा आयोजित पार्टी प्रवेश कार्यक्रममा मुख्यमन्त्री राउतले मधेश विद्रोहले ल्याएको संघीयताकै कारण आफु अल्पसंख्यक समुदायको भएपनि प्रदेश सरकारको नेतृत्व गर्ने अवसर पाएको बताए । मधेश आन्दोलन स्थापित प्रदेश सरकार आन्दोलनकै म्याण्डेट अनुरूप मुलुकमा सबै समुदायका लागी आरक्षणको व्यवस्था गरेको बताए । शिक्षामा पछि परेको मशिलम दलित लगायतको समूदायलाई शिक्षा जोड दिन आग्रह गर्दै मुख्यमन्त्री राउतले भने, 'प्रदेश सरकारले सबै समुदायको लागी आरक्षणको व्यवस्था गरेको छ । शिक्षा लिनुस रोजगारी पाउने निश्चित छ ।'

### विराटनगरमा पेट्रोल भण्डारण थपिंदै

विराटनगर । नेपाल आयल निगमले विराटनगर डिपोमा १४ सय किलोलिटर क्षमताको पेट्रोल भण्डारण (ट्याङ्क) थप्ने काम अन्तिम चरणमा पुर्‍याएको छ । पेट्रोलको खपत बढ्न थालेपछि निगमले मट्टितेलका दुई ट्याङ्कलाई नै पेट्रोल ट्याङ्कमा रूपान्तरण गर्न लागेको हो । नेपाल आयल निगम १ नम्बर प्रदेश कार्यालय प्रमुख अशोक साहका अनुसार विराटनगर डिपोबाट दैनिक ४ देखि ५ सय किलोलिटर पेट्रोल बिक्री हुने गरेको छ । तर, डिपोमा हाल पेट्रोलको भण्डारण क्षमता जम्मा ५ सय ६० किलोलिटर छ । ७ सय १० र ७ सय ५० किलोलिटर क्षमताका दुई ट्याङ्कलाई मट्टितेलको साटो पेट्रोल भण्डारणका रूपमा विस्तार गर्न लागिएको हो । यी ट्याङ्क रूपान्तरण गर्न २ करोड ५९ लाख रूपैयाँ बिनियोजन गरिएको छ । विराटनगर डिपोबाट दैनिक २० किलोलिटर मात्रै मट्टितेल बिक्री हुन्छ । मट्टितेलको ट्याङ्क तीन वटा रहेकोमा अब एउटा मात्रै रहने छ । यस्तै डिपोबाट डिजेलको माग दैनिक एक हजार देखि १२ सय किलोलिटर छ । विराटनगर डिपोमा सिगुढी र बरौनीबाट इन्धन आायात हुन्छ । आयातित इन्धन १६ जिल्लामा वितरण हुन्छ ।

### 'नेपालले हिन्दूत्वको प्रतिनिधित्व गर्नुपर्छ'

रूपन्देही । भारतको उडिसा राज्यको जगन्नाथपुरीस्थित गोबर्द्धन मठका शङ्कराचार्य स्वामी श्रीनिश्चलानन्दले नेपालमा हिन्दूत्वको प्रतिनिधित्व आवश्यक भएको बताएका छन् । भैरहवामा आयोजित धर्मसभालाई सम्बोधन गर्दै शङ्कराचार्य स्वामी श्रीनिश्चलानन्दले भने, 'हिन्दूत्वको प्रतिनिधित्व हुन आवश्यक छ, त्यसो नभए समस्या भइरहन्छ । 'उनले नेपाललाई हिन्दू राष्ट्रका रूपमा पुनःस्थापित गर्नुपर्नेमा जोड दिए । नेपालको सुरक्षाका लागि पनि हिन्दू राष्ट्र जरूरी रहेको उनको दाबी छ । भैरहवाको महेन्द्र सभागृहको सभाहलमा आयोजित धर्मसभालाई सम्बोधन गर्दै श्रीनिश्चलानन्दलले नेपाल, भारत, बङ्गलादेश, पाकिस्तान, श्रीलङ्का, बर्मा, भुटान र तिब्बतको हिस्सा हुँदै मानसरोबरसम्म हिन्दूत्वको प्रभाव बढाउने पनि बताए । उनले भने, 'पूरा एसिया महाद्वीप हिन्दू राष्ट्रका रूपमा स्थापित हुनेछ ।' श्रीनिश्चलानन्दले सनातन आर्य बैदिक हिन्दूलाई मान्ने हरेक व्यक्ति ज्ञानबाट आरक्षित र दुर्व्यसनबाट मुक्त र आर्थिकरूपले पनि सम्पन्नशाली हुँदै जाने बताए । उनले पूरा विश्व अर्थको लागि क्रान्ति गरिरहेको छ भन्दै आर्थिक विपन्नता हटाउने माध्ययम नै सनातन आर्य बैदिक हिन्दूत्वको अङ्गीकार भएको बताए । नेपालका धर्मगुरूहरूको उपस्थिति रहेको उक्त धर्मसभामा शङ्कराचार्य स्वामी श्रीनिश्चलानन्दलाई सम्मानसमेत गरिएको थियो । कृष्णप्रसाद शर्माको अध्यक्षतामा सम्पन्न धर्मसभामा शङ्कर खराल, डा. चिन्तामणि योगी, व्यासआचार्य किशोर गौतमले नेपालको धार्मिक अवस्थाका बारेमा आफ्ना धारणा राखेका थिए ।

### २ लाख बढीले लगाए खोप

वीरगञ्ज । पर्सामा हालसम्म २ लाख २ हजार १ सय ७७ जनाले कोरोना विरूद्धको खोप लगाएका छन् । जिल्ला स्वास्थ्य कार्यालय प्रमुख नवलकिशोर साहका अनुसार असोज १५ अर्थात् दसैं अघिसम्म जिल्लामा १ लाख ३ हजार ५९ जनाले खोपको पूर्ण डोज लिइसकेका थिए । खोप लगाउने संख्या जिल्लाको कूल जनसंख्याको २३ दशमलव ८ प्रतिशत हो । दसैंको अवधि तथा त्यसपछि पनि खोप अभियान चलाइएकोमा यस अवधिमा करिब ९९ हजार जनाले खोपको पहिलो डोज लगाएको बताइएको छ । यसरी पुराना र नया गरी जिल्लाका कूल ३० प्रतिशत जनताको पहुँचमा कोरोना विरूद्धको खोप पुगेको छ । जिल्लामा हालसम्म कोभिसील्ड, जोन्सन एन्ड जोन्सन, भेरोसेल र एस्ट्राजेनेका खोप दिइएको उनले बताए । जिल्लामा चरणबद्ध रूपमा स्वास्थ्यकर्मी, महिला स्वयंसेविका, सरससफाईकर्मी, कोरोना संक्रमित मृतकको शवको व्यवस्थापनमा खटिएका र अन्य सुरक्षाकर्मी, सञ्चारकर्मी, कारागारका कैदीबन्दी र त्यसपछि सर्वसाधारणलाई चरणवद्ध रूपमा खोप उपलब्ध गराइएको छ । सर्वसाधारणहरूमा ज्येष्ठ नागरिकलाई प्राथमिकता दिई खोप दिइँदैछ ।

### जनमतका १७ जना कार्यकर्ताविरुद्ध मुद्दा

जनकपुरधाम । खानेपानी कार्यालय जनकपुरधामका निमित्त प्रमुखलाई अर्धनग्न रूपमा नगर घुमाउने सिके राउत नेतृत्वको जनमत पार्टीका १७ जना कार्यकर्तामाथि मुद्दा चलाइएको छ । खानेपानी तथा ढल निकास कार्यालय जनकपुरधामका निमित्त प्रमुख राजेश कुशवाहालाई बिहीबार दिउँसो कुटपिट गर्दै कार्यालयबाटै अर्धनग्न गरी नगर घुमाइएको थियो । शुक्रबार सो घटनामा पक्राउ परेकामध्ये १७ जनामाथि सरकारी वकिलको कार्यालयमार्फत अपराधिक उपद्रव शीर्षकमा मुद्दा चलाइएको धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए । मुद्दा चलाइएकाहरू सिरहा, सर्लाही र महोत्तरीका जनमत पार्टीका कार्यकर्ताहरू रहेका छन् । जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले सो घटनालाई जनकारवाही भएको र यसमा जनताहरूले सहभागिता रहेका दाबी गरेका छन् । मुद्दा चलाइएकाहरूमध्ये सिरहाका ७ जना, धनुषाका ६ जना, महोत्तरीका ३ जना र सर्लाहीका एकजना छन् । जनमत पार्टीका धनुषा अध्यक्ष ओमविक्रम कुशवाहा, विजय कुमार यादव, सञ्जय प्रधान, धनिकलाल कापर, कैलाशप्रसाद साह, श्याम सुन्दर मण्डल, सिरहाका महेश कुमार यादव, सौदी मण्डल, दुर्योधन यादव, प्रेम किशोर यादव, राम करण यादव, दिनेश रजक साफी, अमरनाथ साह, महोत्तरीका संजय कुमार साह, विरेन्द्र महतो, विक्रम कुमार साह र सर्लाहीका संजय कुमार सिंहमाथि मुद्दा चलाइएको हो । प्रहरी नायब उपरीक्षक बस्नेतले यो मुद्दामा क्षतिपूर्तिसहित अधिकतम चार वर्षसम्म कैद र ४० हजार रूपैयाँसम्म जरिवाना माग गरिएको बताए । घटनामा प्रहरीले सुरूमा १० जनालाई नियन्त्रणमा लिएको थियो भने पछि थप ५२ जनालाई नियन्त्रणमा लिएको थियो । पछि प्रहरीले ४५ जनालाई छाडेको थियो ।

# किन हुन्छ नेपालमा भारतको विरोध ?



केशव प्रसाद भट्टराई

१. राजा जयप्रकाश मल्लले आफ्नो राज्यको रक्षाको लागि तत्कालीन भारतसँग सहयोग मागे - उसले सहयोग गऱ्यो । पछि आएर पृथ्वीनारायण शाह र बहादुर शाहले भारत सरकारसँग सहमति गरेरै नेपालको एकीकरण अभियानलाई अघि बढाए ।

राजा रणबहादुर शाह र काजी भीमसेन थापा र उनीहरूका विरोधीहरू दुवै पक्षले भारतको सहयोग र समर्थनमै सत्ता प्राप्त गर्न र सत्तामा कायम रहन अनुनय विनय गरे । राजा राजेन्द्र, रानी राजेन्द्र लक्ष्मी, माथवर सिंह थापा, जङ्गबहादुरदेखि मोहन शमशेर सबैले भारतकै आड भरोसमा सत्ता प्राप्त गरे वा सत्तामा टिक्न चाहे ।

२. भारतकै सहयोग र समर्थनमा राजा त्रिभुवन पुनः सत्तामा आए । भारतकै बल, भर र सहयोगमा सात सालको क्रान्ति सफल भयो ! नेपाली काङ्ग्रेस सरकारमा आयो । सत्र सालमा कांग्रेसको सरकार हटाउन राजाले भारतसँग नै समझदारी गरे ।

कांग्रेस सरकार हटाउन सहमति प्रदान गर्ने भारतसँग नै सम्मति गरेर सुवर्ण समशेरले ससस्त्र विद्रोह गरे । भारतकै परामर्शमा बिद्रोह फिर्ता लिए । त्यसपछि राजालाई भारतको निरन्तर सहयोग र समर्थन रह्यो । ३०-३१ मा कांग्रेसले भारतकै समर्थन र सहयोगमा पुन हतियार उठायो । मालेको झापा विद्रोहमा पनि प्रकारान्तरमा भारत नै थियो ।

३. २०३६ को जनमत संग्रहको घोषणामा पनि भारत र जनमत संग्रहमा पंचायतलाई जिताउन पनि भारत । २०४६ सालमा पंचायतलाई फाल्न पनि भारत ! २०४६ सालले स्थापना गरेको राज्य व्यवस्थालाई फाल्न माओवादीलाई प्रशिक्षण, हातहतियार लगायत हरतरहले सहयोग गर्ने पनि भारत । नेपालमा राजसँस्था टिकाउने पनि भारत र फाल्ने पनि भारत । कसलाई आइजी बनाउने, कसलाई कुन उच्च संवैधानिक पदमा नियुक्त गर्ने जस्ता कुरामा सोधिने भारत !

यो सरकार हटाउन सहयोग गर, हामीलाई सरकार देऊ भनेर प्रधानमन्त्री भइसकेको व्यक्तिले सडकबाट अपील गरिने पनि भारत सवैमा भारत सवैलाई भारत ! अंशु वर्मा, राजा जयप्रकाश मल्ल र पृथ्वी नारायण शाहको पालादेखि वर्तमानसम्म सत्ता राजीतिमा भारतको पक्ष वा विपक्षको भूमिकाले आफ्नो स्वार्थमा असर पुगेका मानिस र तिनका निकट वा समर्थकको संचित मनोविज्ञानले जबर्जस्ती भूमिका निर्वाह गरेको छ यो सवालमा ।

नियतिले आज त्यो र भोली त्यो हुँदै गर्दा नेपालको राज्य सत्तामा रहेका सवै पक्ष त्यसबाट लाभ र हानी दुवै व्यहोर्ने परे । अनि विरोधीको जमात बढी देखियो ।

४. कुन भारतको विरोध गरेको तपाइँले ? आफ्नो राजनीतिक वा अन्य स्वार्थको लागि भारतको सरण नपरेका कुनै नेता देख्नु भएको छ ? उनीहरू आफ्नो स्वार्थको लागि विरोध गर्दछन् र स्वार्थकै लागि समर्थन गर्दछन् । उनीहरूको स्वार्थमा भारत साधक भएन भने कार्यकर्ता र आसेपासेलाई सडकमा उफार्छन् ।

मिडियामा चिच्याउँछन् । भारतलाई पक्षमा लिन्न खोज्दा जो सफल भए तिनले समर्थन गरे जसले भारतलाई आफ्नो पक्षमा पार्न सकेनन् तिनले विरोध गर्दछन् । सवै क्षेत्रमा त्यही दशा हो !

५. हामी आफ्ना निजी स्वार्थकोलागि भारतको समर्थन र विरोध गर्दछौं, भारत आफ्नो राष्ट्रिय स्वार्थ हेरेर हामी मध्ये कसैलाई समर्थन र विरोध गर्छ वा गर्न सक्छ । त्यो उसको राष्ट्रिय दायित्व हो । राष्ट्रिय धर्म हो । हामी राष्ट्रभक्त भएनौ भनेर उसको राष्ट्रहित र राष्ट्रभक्तिमा प्रश्न किन उठाउने ?

ऊ पनि हामी जस्तै आफ्नो व्यक्तिगत स्वार्थमा मात्रै ध्यान देओस, किनवेच होस् , राष्ट्रको हित नहेरोस, आफ्नो राष्ट्रको माया नगरोस भन्ने चाहेको हामीले ? नेपाललाई, केवल नेपाललाई ध्यानमा राखेर, नेपालको राष्ट्रिय हितलाई केन्द्रमा राखेर, राष्ट्र र देशप्रति पूर्ण प्रतिवद्ध भएर, भारतसँग आफ्नो मुलुकको हितमा दह्रो भएर कुरा राख्ने राष्ट्रभक्त नेपालीको हैसियतमा भारतसँग टेबुलमा बस्नोस त ।

भारतीयहरू भन्दा बढी आफ्नो राष्ट्रको हितमा अडिग रहेर वार्ता गर्ने अभ्यास त गरेर हेरौं तपाइँको पाऊमा पर्ने छन् । किसुनजीको गोडामा ढोग्ने धेरै भारतीय नेता थिए । सडकले के भन्ला भनेर होइन, सत्य र विवेकलाई साक्षी राखेर, कहिले चीन वा कहिले पाकिस्तानको पक्षमा उभिनएको नदेखिने गरेर, कहिले चीनियाँ कार्ड, कहिले सोभियत कार्ड र कहिले अमेरिकी कार्ड खेलेर भारतसँग डिल गर्न छोडेर, त्यस मामिलामा भारतको संवेदनशीलता बुझेर आफ्नो राष्ट्रको कुरा राखिहेर्नोस त के गर्दो रहेछ भारतले !

तपाइँलाई टाउकोमा राख्छ भारतले । एउटा राष्ट्रभक्तले अर्को राष्ट्रभक्तलाई सम्मान नगरेको इतिहास यो दुनियाँमा छैन । एउटा देशका देशभक्तहरूको सवैभन्दा बढी सम्मान अर्को देशको देशभक्तले नै गर्दछ । हाम्रै इतिहासले पनि यो भन्छ ।

जय नेपाल (फेसबुकबाट साभार)

## किसानलाई राहत दिन आईटी आर्मीको माग

वीरगञ्ज । आईटी किसान संघर्ष समिति, पर्साले बेमौसमी वर्षाले किसानको धानवाली नष्ट भएकोमा उचित राहत तथा क्षतिपूर्तीको माग गर्दै जिल्ला प्रशासन कार्यालयलाई ज्ञापनपत्र बुझाएको छ । मुख्य वाली नै धान भएकाले धान नष्ट हुँदा किसानलाई खानलाउन समेत कठिन हुने भएकाले तत्काल राहत प्याकेज घोषणा गर्न सरकारको ध्यानाकर्षण पनि गराएका छन् ।ज्ञापन पत्रमा भनिएको छ 'कृषिप्रधान देशमा मुलभूत रूपमा किसानको अवस्थामा क्रान्तिकारी सुधार/परिवर्तन बिना देशको समृद्धि र विकास कसरी सम्भव हुन्छ ? देशको अर्थतन्त्रको मेरूदण्डको रूपमा अनवरत क्रियाशील किसानहरूलाई कहिले अतिवृष्टि त कहिले अनावृष्टि लगायतका प्राकृतिक प्रकोप/विपत्तिबाट हुने क्षतिको भरपाईको लागि उचित राहत प्याकेजको व्यवस्था, समयमैं गुणस्तरीय विउ, मलखाद्य र सिंचाईको प्रवन्ध, कम्तिमा योगदानको अनुपातमा सहुलियत कृषि ऋण, प्रभावकारी कृषि अनुदान एवं बीमाको प्रवन्ध, कृषि उपजको प्रभावकारी भण्डारण एवं बजारीकरणको व्यवस्था तथा अन्नदातालाई सम्मान एवं प्रोत्साहन स्वरूप पेनसनको व्यवस्था गर्न सम्भव छैन र ! यी र यस्ता आधारभूत समस्याहरू समेत समाधान गर्न नसक्ने वा गर्न नचाहने संघ, प्रदेश र स्थानीय सरकारहरूको आवश्यकता र औचित्य के हो ? भन्नी सिधा प्रश्न गर्न चाहन्छौं ।' त्यसका साथै कृषि बिमा, अन्नदाता किसानलाई पेन्सनको व्यवस्था, कृषि उपजको प्रभावकारी भण्डारण एवं बजारीकरणको व्यवस्था गर्न समेत माग गरिएको छ ।

## नेपाल-भारत द्विपक्षीय परामर्श समूहको १४औं बैठक बेंगलोरमा हुने

काठमाडौं । नेपाल-भारत द्विपक्षीय परामर्श समूह (एनआईबीसीजीएसआई) को १४औं बैठक यही कात्तिक ११ र १२ गते भारतको बेंगलोरमा हुँदैछ । उक्त बैठकमा भाग लिन परराष्ट्र मन्त्रालयका सहसचिवको नेतृत्वमा रक्षा मन्त्रालयका प्रतिनिधि र नेपाली सेनासहितको टोली त्यसतर्फ जाने कार्यक्रम रहेको सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ। नेपाल तथा भारतबीच सुरक्षासम्बन्धी विषयमा नियमित रूपमा छलफल गर्ने उद्देश्यले सन् २००३ मा उक्त समूह गठन भएको हो॥ समूह गठनपछि सन् २००३ देखि सन् २०१८ सम्म १३ वटा बैठक भएका थिए । परामर्श समूहको १४औं बैठक विसं २०७६ चैतमा भारतको नयाँ दिल्लीमा गर्ने योजना रहेकामा कोभिड-१९ महामारीका कारण स्थगित भएको थियो। भारतको तर्फबाट पनि बाह्य मामिला मन्त्रालयका सहसचिवको नेतृत्वमा रहने उक्त बैठकमा तालिम र क्षमतासम्बन्धी सहयोगका विविध पक्षमा छलफल हुने कार्यसूची रहेको नेपाली सेनाले जनाएको छ ।

## कोइराला र चौथाइवालेबीच भेटवार्ता

काठमाडौं । कांग्रेस महामन्त्री शशांक कोइराला र भाजपा विदेश विभाग प्रमुख विजय चौथाइवालेबीच भेटवार्ता भएको छ । मंगलबार मुम्बई हुँदै दिल्ली आइपुगेका नेता कोइरालाले भारतको सत्तारूढ दल भाजपाका विदेश विभाग प्रमुख चौथाइवालेसँग भेटेका हुन् । यसअघि चौथावालेको निमन्त्रणमा कांग्रेस सहमामन्त्री प्रकाशशरण महतको नेतृत्वमा कांग्रेसका ३ जना नेताहरू भारत भ्रमणमा आएका थिए । पार्टीका केही नेताहरूका साथ उनी शनिबार मुम्बई आइपुगेका थिए । मुम्बईमा उनले क्यान्सरको उपचार गराइरहेका कांग्रेस सांसद कर्मा घलेको स्वास्थ्य अवस्था बुझेका थिए । त्यहाँबाट दिल्ली आइपुगेका उनी मंगलबार नेता प्रदीप गिरीलाई भेटेका छन् ।


- जीवनाशक विषादीहरू निःसन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासायियक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

इमेल : malcprovince2@gmail.com


## संक्षिप्त समाचार

### प्रदेश १ को प्रदेशसभा बैठक स्थगित

विराटनगर । प्रदेश १ को प्रदेश सभा बैठक कात्तिक १५ गतेसम्मका लागि स्थगित भएको छ । प्रदेश सभा सचिवालयले सूचना टाँस गर्दै अर्को बैठक कात्तिक १५ गते बस्ने जानकारी दिएको छ । यसअघि कात्तिक ७ गते बसेको बैठकमा मुख्यमन्त्री भीम आचार्यले पेस गरेको विश्वासको मत माग्ने प्रस्तावमाथि मतदान गर्ने कार्यसूची थियो । सत्तारूढ एमाले र विपक्षी दल नेपाली कांग्रेस दुबैले बैठक स्थगित गर्न निवेदन दिएका थिए । दलहरूको मागअनुसार बैठक सारिएको हो । बैठक सरेसँगै नेकपा एमाले विभाजनपछि प्रदेश सभामा बहुमत गुमाएमा मुख्यमन्त्री आचार्य सत्ता अझै केहीदिन लम्बिएके छ ।

### स्वास्थ्य बीमा संयोजन समिति गठन

रूपन्देही । नागरिकको स्वास्थ्य बिमामा सहजीकरण गर्ने उद्देश्यसहित रूपन्देहीको रोहिणी गाउँपालिकामा स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति गठन भएको छ । स्थानीय तह स्वास्थ्य बिमा संयोजन समिति सञ्चालन कार्यविधि, २०७८ लागू भएपछि समिति गठन गरिएको हो । कार्यविधिमा व्यवस्था भएअनुसार गाउँपालिका अध्यक्ष सनोजकुमार यादवको अध्यक्षतामा ७ सदस्यीय समिति गठन भएको हो । समितिको सदस्यमा वडाध्यक्षका तर्फबाट वीरबहादुर थापा, महिला स्वास्थ्य स्वयंसेविकाका तर्फबाट पद्मा थापा, सेवा प्रदायक संस्थाका तर्फबाट चन्द्रिका यादव, गाउँपालिकाका स्वास्थ्य संयोजक रामनेवास चौधरी र रामप्रसाद ढकाल रहेका छन् । स्वास्थ्य बिमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यसहित समिति गठन गरिएको गाउँपालिकाका अध्यक्ष यादवले जनाए ।

### एम्बुलेन्स र मोटरसाइकल ठोक्किँदा दुईको मृत्यु

रूपन्देही । बुटवल उपमहानगरपालिका-१२ तामनगरस्थित सडकमा लु.१ झ २८७ नम्बरको एम्बुलेन्स र लु.२४ प ३९८७ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई दुर्घटना हुँदा २ जनाको मृत्यु भएको छ । मृत्यु हुनेहरूमा मोटरसाइकल चालक तिलोत्तमा नगरपालिका-३ बस्ने गुल्मी घर भएका २४ वर्षीय अनमोल थापा क्षेत्री र मोटरसाइकलमा सवार रूपन्देही सैनामैना नगरपालिका-४ बस्ने ३५ वर्षीय निशान क्षेत्री रहेका छन् । शनिबार राति भएको दुर्घटनामा गम्भीर घाइते भएका उनीहरूको लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा उपचारको क्रममा मृत्यु भएको हो । एम्बुलेन्स चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### करेन्ट लागेर रौतहटमा एक बालकको मृत्यु

रौतहट । ईशनाथ नगरपालिका-८ मन्सरीमा करेन्ट लागेर एक बालकको मृत्यु भएको छ । हारिश ओसताको छोरा ८ वर्षीय अफजल ओसताको करेन्ट लागेर शनिबार बिहान मृत्यु भएको प्रहरीले जनाएको छ । आफ्नै घर पछाडी खानेपानी कलमा जडान गरेको मोटरबाट करेन्ट लाग्दा गम्भीर घाइते भएका उनको जिल्ला अस्पताल गौरतर्फ लैजाने क्रममा बाटोमै मृत्यु भएको हो ।

### ढिस्को खसेर पुरिंदा बालिकाको मृत्यु

पर्सा । वीरगंज महानगरपालिका-३२ चोर्नी बस्ने मनोज कुमार मण्डलकी छोरी ५ वर्षीया अर्चना कुमारीको माटो खन्ने क्रममा माटोको ढिस्को खसेर पुरिँदा मृत्यु भएको छ । शनिबार दिउँसो अर्चना र उनकै दिदी ७ वर्षीया सिवानी कुमारी माटो खन्ने क्रममा माटोको ढिस्कोले पुरिएर गम्भीर घाइते भएकोमा वीरगंज हेल्थ केयर अस्पतालमा उपचारको क्रममा अर्चनाको मृत्यु भएको हो । सिवानीलाई सोही अस्पताल हुँदै थप उपचारका लागि नारायणी अस्पताल वीरगंज पठाइएको छ ।

### एसिडपीडित मुस्कानलाई थप पाच लाख दिइने

जनकपुरधाम । एसिड पीडित पर्साकी मुस्कान खातुनलाई थप उपचारका लागि प्रदेश नं. २ को सरकारले पाँच लाख रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको छ । मन्त्रिपरिषद्को मंगलबार सम्पन्न बैठकले थप उपचारको पर्खाईमा रहेकी मुस्कानलाई थप पाँच लाख रूपैयाँ उपलब्ध गराउने निर्णय गरेको हो । यसअघि प्रदेश सरकारले एसिडपीडित जनकपुरकी आरती साहलाई समेत पाँच लाख रूपैयाँ उपलब्ध गराएको थियो ।

### ९४ तोला चाादीसहित पक्राउ

मोरङ । रतुवामाई नगरपालिका-३ छालगाछीबाट विल नभएको ९४ तोला चाँदी सहित सोही ठाउँ बस्ने ३० वर्षीय धर्बेन्द्र शर्मालाई प्रहरीले पक्राउ गरेको छ । मंगलबार साँझ प्रहरी चौकी महादेवाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त चाँदीको तार बनाई ल्याएको अवस्थामा शर्मालाई फेला पारी पक्राउ गरेको हो । बरामद चाँदी सहित उनलाई आवश्यक कारबाहीका लागि मुल भन्सार कार्यालय रानी विराटनगर पठाइने १ नम्बर प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

### नाइट्राभेटसहित युवक पक्राउ

रौतहट । चन्द्रपुर नगरपालिका-४ चन्द्रनिगाहपुर चोकबाट ३ हजार ट्याब्लेट नियन्त्रित लागूऔषध नाइट्राभेटसहित एक युवक पक्राउ परेका छन् । सर्लाही ईश्वरपुर नगरपालिका-५ पोखरीया बस्ने २२ वर्षीय रोज महमदलाई मंगलबार साँझ प्रहरीले पक्राउ गरेको छ । पैदल आउँदै गरेका उनलाई ईलाका प्रहरी कार्यालय चन्द्रपुर र लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगंजबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो । थप अनुसन्धानको क्रममा ईश्वरपुर नगरपालिका-२ बस्ने ३७ वर्षीय देवेन्द्र दास समेतलाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

### करेन्ट लागेर मृत्यु

कपिलवस्तु । माँयादेवी गाउँपालिका-८ जिग्निहवा बस्ने ५२ वर्षीया मालती बर्गाहको करेन्ट लागेर मंगलबार दिउँसो साँझ मृत्यु भएको छ । आफ्नै घरको विद्युतको बोर्डको स्विच दबाउने क्रममा अचानक करेन्ट लाग्दा उनको मृत्यु भएको हो ।

### नवजात शिशुको शव फेला

बाँके । कोहलपुर नगरपालिका-११ स्थित मेडिकल कलेज कोहलपुरको कम्पाउण्डस्थित फोहर फाल्ने ठाउँमा मंगलबार वेवारिसे अवस्थामा नवजात शिशुको शव फेला परेको छ ।

### करेन्ट लागेर मृत्यु

कपिलवस्तु । बिजयनगर गाउँपालिका-१ भागिरामपुर बस्ने ३३ वर्षीय सूर्य बहादुर गुरूङको बिहीबार बिहान करेन्ट लागेर मृत्यु भएको छ । आफ्नो घर नजिक पानी तान्ने मोटरको चुडिएको तार जोड्न मुखले तार छिल्ने क्रममा करेन्ट लागेर अशक्त भएका उनको सन्जिवनी अस्पताल चन्द्रौटा हुँदै शिवराज अस्पताल बहादुरगंजमा थप उपचारको क्रममा मृत्यु भएको हो ।

### जुवातास खेलिरहेको अवस्थामा ६ जना पक्राउ

बाँके । कोहलपुर नगरपालिका-८ पिपरीस्थित रूद्र वीर खडकाको घरमा जुवातास खेलिरहेको अवस्थामा ६ जनालाई गएराति प्रहरीले पक्राउ गरेको छ । उक्त घरमा जुवातास खेलिरहेको भन्ने सूचनाको आधारमा ईलाका प्रहरी कार्यालय कोहलपुरबाट खटिएको प्रहरीले उनीहरूको साथबाट ३ लाख ४९ हजार ७ सय ५ रूपैयाँ र दुई बुक तास सहित फेला पारी पक्राउ गरेको हो ।

### चोरीपैठारीको लत्ताकपडा बरामद

कैलाली । जिल्लाको गोदावारी नगरपालिका १ स्थित अत्तरिया चोकबाट सशस्त्र प्रहरीले करीव ३ लाख १२ हजार रूपैयाँ बराबरको चोरीपैठारीको लत्ताकपडा बरामद गरेको छ । भारतबाट अवैध रूपले ल्याउँदै गरेको उक्त लत्तापकडा सशस्त्र प्रहरी बल नेपाल नम्बर ३४ गण कैलालीबाट खटिएको सशस्त्र प्रहरीले बरामद गरेको हो । बरामद लत्ताकपडा भन्सार कार्यालय त्रिनगरमा बुझाईएको छ ।

# बंगलादेशमा हिन्दू धर्मावलम्बी



राकेश प्रसाद चौधरी

बंगलादेशको चित्तागंग (चट्टोग्राम) स्थित काली मन्दिरमा केही स्थानीय श्रद्धालु दर्शन गरिरहेको देखेर गाउँको नाम सोधे । जवाफमा 'सीताकुण्ड' सुने । सीताकुण्ड हिन्दुहरूको आस्था केन्द्र छ । उनीहरू १५ जनाको संख्या थिए । भेषभुषाले हिन्दु धर्मावलम्बी नै रहेको यकिन भंइसकेको थियो ।

त्यसको एकछिन अगाडि मात्र हो । म मन्दिरभित्र प्रवेश गर्न खोजेको बेला सडकपारि एकजना महिला भगवानलाई नमस्कार गरेको देखे । पहिला त चारैतिर हेरिन् त झटपटमा भगवानलाई परबाट ढोगिन र तुरन्तै त्यहाँबाट गइहालिन् । म काली मन्दिरमा एकै दिन केही मिनेटको फरकमा दुईपटक पुगे ।

होटलमा बसिरहँदा गुगल नक्सामा स्थानीय ठाउँको अवलोकन गरिरहेको थियो । नजर काली मन्दिर लेखिएको ठाउँमा पुग्यो । विहान नुहाएर त्यसतर्फ प्रस्थान गर्न लाग्दा होटलको सुरक्षागार्डले स्थानीय भाषामा अभिवादन गर्यो । मैले हात मात्रै हल्लाएपछि उसले धेरै कुरा बुझेको होला । पहिलोपटक त एक्लै पुगे । मन्दिरमा एकजोडी पुजापाठ गर्न पर्खिरहेका थिए । मन्दिर सुनसान थियो । पुजारी पनि थिएन । मलाई देखेपछि त्यो जोडि भयभित भएको मैले पनि महसुस गरे । एकछिनमा त त्यो जोडि बाहिर निस्क्यो । यो त्यही चट्टोग्राम हो जसलाई बाल्यकालमा हामीले चटगाउँ भनेर सुनेका र पढेका थियौ । समाचारमा आइरहने खबर चटगाउँकै हुन्थ्यो ।

मन्दिरमा भिजिट जलेश्वर लेखिएको मिथिला पेन्टिङ्गवाला गमछा चढाए । परिसरमा हिन्दु देवीदेवताका माटाका साना साना प्रतिमा पनि बनाएर राखिएको थियो । सम्भवतः त्यो पर्व त्यौहारमा बिक्री गर्न राखिएको थियो । नेपालमा जाडो शुरू भएपनि बंगलादेशमा गर्मी थियो । डिसेम्बरको महिना भएपनि प्रचण्ड गर्मी । केही महिनामा शुरू भएको कोरोना महामारीबारे कल्पना पनि नगरिएकोले निर्धक्कसँग हिड्डुल भइरहेको थियो ।

फर्केर मन्दिर बारे होटलमा बसेका अन्य साथीहरूलाई सुनाएपछि उनीहरूसँगै पुनः त्यहाँ पुगे । त्यतिबेला नै सीताकुण्डका दर्शनार्थीसँग भेट भएको हो । दृश्य र दर्शनार्थीको हाउभाउ हेरेपछि हिन्दु समूदाय यहाँ भयपूर्ण बाताबरणमा जीवनयापन गरिरहेको सहजै अनुमान गर्न सकिने रहेछ । पाकिस्तानबाट सन् १९७१ मा बंगला भाषाको आधारमा छुट्टिएको यो देशमा हिन्दू समूदायको जनसंख्या सम्मानजनक थियो । धर्म र आस्थाकै कारण भौतिक, आध्यात्मिक तथा शारीरिक आक्रमाण हुने भएकोले अहिले अपमानजनक एवं असुरक्षित स्थिती रहेको विभिन्न अध्ययनहरूले देखाएको छ । शुरूवातमा १३.५ प्रतिशत रहेपनि अहिले ८.५ प्रतिशत जनसंख्या रहेको सरकारी तथा गैरसरकारी तथ्यांकबाट हेर्न सकिन्छ ।

नेपाल र बंगलादेशबीच धार्मिक पर्यटनको सम्भावनालाई अल्पसंख्यक भइसकेका समुदायमाथिको आक्रमाणले नकार्न बाध्य बनाएको छ । भाषाको आधारमा बनेको देश अहिले इस्लामिक भइसकेको छ । यात्राको क्रममा केही आधुनिक विश्वविद्यालयका डिन र प्राध्यापकहरूसँग संवाद हुँदा उनीहरूले शुरूवात मै धार्मिक वाक्यहरूको उच्चारण गर्ने गरेका थिए । नेपालमा त संस्कृत विश्वविद्यालयका प्रमुख तथा प्राध्यापकहरू समेतले विदेशीसँगको संवादका क्रममा संस्कृतका श्लोकहरू उच्चारण गर्दैनन् होला जस्तो लाग्छ ।

तंत्र चूडामणि अनुसार ५२ शक्तिपीठहरूमध्ये भवानी, जयंती, श्रीशैल, अर्पणा, योशोरेश्वरी र सुगंधा-सुनंदा बंगलादेशमा पर्छ । नेपालको काठमाडौंमा महामाया, मुक्तिनाथमा गंडकी र जलेश्वरमा उमा महादेवी (महोदर) शक्तिपीठ छ ।

बंगलादेश वा अन्य देशमा हिन्दु समूदायमाथि निरन्तर आक्रमाण हुँदा नेपाली राजनीतिककर्मीले आवाज नउठाइनुलाई फरक पाटोबाट विश्लेषण गर्न सकिन्छ । हुनतः धर्म निरपेक्ष रहेपनि अभ्यासमा हिन्दु संस्कारको बाहुल्यता छ । तथापि अरू धार्मिक समूदायका पर्व तथा उत्सवहरूमा रमाउने र सोही समूदायकै भएको जस्तो ब्यबहार गर्नेको संख्या बढि छ । त्यसैले होला बंगलादेशमा मुस्लिमको संख्या दिनानुदिन बढ्दै जानु र नेपालमा हिन्दुको संख्या घटिरहेको छ ।

नेपालबाट बंगलादेश घुम्न जाँदा धार्मिक पर्यटनको सम्भावनाबारे सानो अध्ययन पनि गर्छु भनेर सोचेको थिए । साथमा सानो भ्वाइस रेकर्डर पनि थियो । तर त्यो यात्राकै क्रममा हरायो । यात्राको क्रममा एकजनाले मलाई निरन्तर पिछा गरेको पछि मात्र थाहा जानकारी भयो । नेपाल फर्किने बेलामा त्यो ब्यक्तिले तपाई फलानो दिन यहाँ आएको मलाई थाहा छ भन्यो मैले धेरै कुरा बुझिसके । उ बसेको सिट छाडेर एकाएक गायब भयो । त्यही ब्यक्तिले मेरो भ्वाइस रेकर्डर यात्राको शुरूवातमै गायब गरिसकेको मैले यकिन गरे । मेरो यात्रा अन्ततः निराशाजनक भयो ।

# कपिलवस्तुमा ८ हजार हेक्टर क्षेत्रको धान बालीमा क्षति

मणि प्रसाद गैह्रे, कपिलवस्तु । विजयनगर गाउंपालिका वडा नं २ जलैयाकी किसान रफिकुन निसा भक्कानिदै खेतको धान हेर्दै रोएर चिन्तीत छन् छन् । वेमौसमी बर्षाले खेतमा काटेर लगाएको धान भिजेर उम्रेपछि धान काम लाग्ने अवस्थामा नरहेको बताइन् । गरिविको कारण अरूको जमिनका अधियामा लगाएको धान नष्ट भएपछि अब खे खाने र परिवार कसरी पाल्ने भन्ने चिन्तामा छन् । अरूको १५ कठ्ठ जमिनमा लगाएको धान नोक्सान भएपछि अब घरमा खाने कुरा नै नुहुने बताइन् । गरिव छौ हाम्रो कुरा को सुन्छ सुन्ने भए सरकारले हामी वास्तविक गरिव किसानलाई राहत देउ । रफिकुन निसा प्रतिनिधी पात्र मात्र हुन जिल्लामा हजारौ किसानको पिडा यस्तै छ । विजयनगर - २ का बहाहु भरले बेमौसमी बर्माले धानमा ठुलो नोक्सानी गरेको बताए । ' काटेर खेतमा रहेको धान पानीले सखाप पार्यो ' दुःखी हुदै भने । अबिरल बर्षाले धान ढलाएर पानीले भिज्दा झन नोक्सानी भएको उनले बताए ' । यस बर्ष पर्याप्त बर्षा र मलखादको समते राम्रो आपुर्ति भएकाले उत्पादन बढी हुने आश गरेर बसेका कुषकहरू बेमौसमी बर्षाले निराश भएको बुद्धभूमी नगरपालिका- १० धनकौलिका कृषक बहरैचि केवटले बताए । ' बेमौसमी बर्षाले गर्दा धानखेतीमा कृषकहरूलाई निकै मर्का परेको छ ' उनले भने । ' यस बर्ष धान खेती राम्रो देखिएको थियो, तर अहिले पानीले चुट्यो खै लगानी पनि उठ्दैन जस्तो लाग्छ ' उनले भने । खेतमा काटेर दाउन ठिक्क पारेको धानबाली पानीले चुटेर चौपट पारेको शुद्धोधन १ का कृषक नथइ यादले बताए । उनले कृषकहरूले ब्यहोरेको नोक्सानीको ३ तहका सरकारले मिलेर क्षतिपुर्ति दिनु पर्ने माग गरे । जिल्लामा ८ हजार हेक्टर क्षेत्रको धान वालीमा क्षति भएको छ । यस बर्ष ७ प्रतिशत धान उत्पादनमा बृद्धि हुने अनुमान गरीरहेको बेला आईतवार देखि ४ दिन सम्म परेको बेमौसमी बर्षाले जिल्ला कै प्रमुख धान बालीमा क्षति पुगेको हो । आईतावार देखि परेको अबिरल बर्षाले धान स्याहर्नकालागि खेतमा काटेर राखिएको धानमा क्षति नोक्सानी भएको कृषि ज्ञान केन्द्रका प्रमुख राबिन्द्र चौबेले बताए । प्रारंभिक बिवरण अनुसार जिल्लाका १० पालिकामा कुल ८ हजार हेक्टरमा लगाईएको धान बालीमा नोक्सानी भएको उनले बताए । पानीले ढलाएर धान बालीलाई ढलाएर सो क्षति भएको उनले बताए । उनले अझै पनि तथ्यांक सकलन जारी रहेको बताए । ' यस बर्ष राम्रो बर्षा र मलखादको समेत राम्रा उलब्धता भए पछि ७ प्रतिशत धान उत्पादन हुने अनुमान गरेका थियौ ' उनले भने ' तर प्रकृतिले साथ नदिदा धान बालीमा क्षति पुगको छ ' । उनले कृषकहरूलाई बाली बिमा आग्रह गरेका छन । स्याहार्न तयारी अवस्थाका धानबाली पानीले भिजेपछि किसान चिन्तित बनेका छन् । काटेर खेतमै छाडेका धान भिज्दा स्याहान, दाउन समस्या भएको छ ।अर्ली भेराईटी धान बालीमा बढि नोक्सान भएको कृषि ज्ञान केन्द्रले जनाएको छ । कृषि ज्ञान केन्द्रका प्रमुख डा. रबिन्द्र चोबेले छिटो हुने प्रजातिका धान नोक्सान भएको बताए यस बर्ष जिल्लामा ७१ हजार ५ सय हेक्टरमा खेती गरिएको छ । जसबाट २ लाख ८५ हजार ५८३ मेट्रिक टन धान उत्पादन हुने अनुमान गरिएको छ । गत बर्ष ७१ हजार २ सय हेक्टरमा गरिएको धान खेतीबाट २ लाख ७१ हजार ९८४ मेट्रिक टन धान उत्पादन भएको थियो । जिल्लाको कुल खेतीयोग्य जमीन करीब ८३ हजार हेक्टर रहेको छ, जसमध्ये यो बर्ष ७१, हजार ५०० हेक्टर क्षेत्रफलमा धान खेती गरिएको छ । जिल्लामा करीब ५५ प्रतिशत क्षेत्रफलमा हाइब्रिड जातका र ४५प्रतिशत क्षेत्रफलमा उन्नत जातका धानको खेती गरिन्छ । उता नेपाली काग्रेसका जिल्ला सभापति सुरेन्द्रराज आर्चायले किसानहरू अत्यान्त मारमा परेकाले तत्काल सरकारले राहत ब्याकेज घोषणा गर्नुपर्ने माग गरेका छन् । आर्चायले किसानको खेतमा पुगेर क्षतीको विवरण बुझ्दै गरिव किसानहरूको समस्या समाधानको लागि सरकारले क्षतीको विवरण संकलन गरि तत्काल राहत वितरण गर्न माग गरेका छन् । काग्रेस लगायत अन्य संघ संगठनले समेत कसानहरूको क्षतीको परिपुरण तत्काल सरकारले गर्नु पर्ने माग गरेका छन् ।

# ४ वर्षपछि पुनः मतगणनामा पराजितले वडाध्यक्ष जीते

जनकपुरधाम । महोत्तरीको एक स्थानीय तहको वडामा पुनःमतगणना हुँदा पराजित व्यक्ति विजयी भएका छन् । उच्च अदालतको आदेशलाई सर्वोच्चले सदर गरेपछि भएको मतगणनामा स्वतन्त्रबाट उम्मेदवारी दिएका रमेशकुमार रायको पक्षमा २६८ मत आएर विजयी भएको हो । उनका निकटतम प्रतिद्वन्दी नेपाली कांग्रेसका अरूणकुमार चौधरीको पक्षमा २६६ मत आएको छ । जिल्लाको मनरा शिस्वा नगरपालिका १० मा वडाध्यक्ष पदका लागि पुनःमतगणना गर्ने उच्च अदालत जनकपुरका न्यायाधीशद्वय हरिप्रसाद बगाले र रामेश्वर रेग्मीको संयुक्त इजलासले दिएको आदेशलाई सर्वोच्चले ४ वर्षपछि गरेपछि मतगणना भएको छ । अदालतल ०७५ आषाढ २१ गते विवादित मतगणनाको विषयमा दोहोऱ्याएर मतगणना गर्न समय निर्धारण गरेको थियो । २०७४ असोज २ गते भएको स्थानीय तहको निर्वाचनमा मनरा सिस्वा नगरपालिकामा ८ गते नतिजा प्रकाशित गरियो । राजपाले टिकट नदिएपछि स्वतन्त्रबाट उम्मेदवारी दिएका रमेशकुमार राय र नेपाली कांग्रेसका अरूणकुमार चौधरीले समान २६७ मत ल्याएका थिए । दुवैको मत बराबर भएपछि गोलाप्रथाबाट अरूण चौधरीलाई निर्वाचित गरिएको थियो । निर्वाचन अधिकृत आमबहादुर बानियाँले बदर मतमध्येबाट ३ मत चौधरीको पक्षमा पारेको भन्दै रमेश रायले अदालतमा मुद्दा दिए । सोही मुद्दामा उच्च अदालतले ०७५ असार २१ गते १५ दिनभित्र पुनःमतगणना गर्न आदेश दिएको थियो । उच्च अदालतको आदेशपछि चौधरी सर्वोच्चसम्म पुगेका थिए । सर्वोच्चले मुद्दाको सुनुवाई गर्दै ०७७ चैत ६ गते उच्च अदालत जनकपुरको आदेशलाई सदर गरेको थियो ।

# भारतसाग सीमा नियमन मधेशलाई अमान्य : पूर्वउपराष्ट्रपति झा

काठमाडौं । पूर्वउपराष्ट्रपति परमानन्द झाले नेपाल-भारत सीमालाई नियमन गर्दा दुई देशबीचको 'रोटीबेटी' सम्बन्धमा गम्भीर असर पर्ने बताएका छन् ।

नेपाल भारत मैत्री समाजले राजधानीमा मंगलबार आयोजना गरेको कार्यक्रममा झाले नेपाल-भारत खुला सीमा नियमन गर्ने कुरा समग्र मधेशी जनताका लागि अमान्य भएको बताए ।

'खुला सीमा भएकै कारण नेपाल र भारतबीच रोटी-बेटी सम्बन्ध रहिआएको छ । तर, हाम्रा नेताहरूले भारतसँगको सीमामा पर्खाल लगाउनुपर्छ भन्ने गरेको मैले सुनेको छु । यदी त्यसो गर्ने हो भने त्यसले दुई देशका जनताको आवातजावतमै असर गर्छ । मधेशमा बस्ने सबैको धारणा यही हुनुपर्छ भन्ने मलाई लाग्छ' उनले भने ।

नेपालका लागि पूर्वभारतीय राजदूत रञ्जित रेको पुस्तक 'काठमाडौ डिलेमा रिसेटिङ् इन्डिया नेपाल टाइज' बारे बोल्दै उनले भारतसँग जस्तो निकटता नेपालको अन्य देशसँग नरहेको बताए ।

'जति हामी भारतका कुरा बुझ्छौं चीन वा सार्कका अन्य कुनै देशका बारेमा बुझ्दैनौं' उनले भने । पूर्वउपराष्ट्रपति झाले भारतसँग सरकारी तहमा सम्बन्धमा बेलाबखत खटपट आउने गरेपनि जनस्तरको सम्बन्ध सदैव राम्रो रहेको बताए ।

# कर्मचारीहरू आन्दोलित

काठमाडौं । संघीय खानेपानी तथा आयोजना कार्यालय जनकपुरका कर्मचारी ईन्जिनियर राजेश्वर कुशवाहामाथि दुर्व्यवहार गरिएको विरूद्धमा कर्मचारीहरू आन्दोलित भएका छन् । गत बुधबार जनमत पार्टीको अगुवाईमा ई.कुशवाहालाई कार्यालयमै कालोमासोसहित दुर्व्यवहार गर्दै घुमाइएको थियो । त्यसको विरूद्धमा आधिकारिक ट्रेड युनियनले प्रदेश २ भरि नै एक सातासम्मको आन्दोलन कार्यक्रम सार्वजनिक गरेको नेपाल मधेशी निजामती कर्मचारी मञ्चका महासचिव बेचन महतोले बताएका छन् । राष्ट्रसेवक कर्मचारीमाथि दुर्व्यवहार गर्नेहरूमाथि कारबाही नभएसम्म आन्दोलन जारी राखिने महतोले बताएका हुन् । महतोका अनुसार कर्मचारीहरूले पेनडाउन सुरू गरेको छ र दिनभरि हातमा कालोपट्टि बाँधेर कार्यालयमा काम गर्नेछन् । पेनडाउन प्रत्येक दिन एक घण्टा बढ्दै जाने उनले मधेशवाणीलाई बताएका हुन् । एक सातासम्म पेनडाउन गर्ने र कालोपट्टी बाँधी विरोध जनाउने बताउँदै महतोले भने, 'कर्मचारीमाथि दुर्व्यवहार गर्नेलाई कारबाही भएन भने अझ सशक्त आन्दोलनको कार्यक्रम घोषणा गर्नेछौं ।'

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

लालकिशोर साह
नगरप्रमुख
जनकपुरधाम उपमहानगरपालिका, धनुषा, प्रदेश २

नोवेल कोरोना भाइरस सामान्य रूघाखोकीभन्दा जटिल संक्रमण हो, हालसम्म यसको उपचारका लागि औषधि पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।

यसबाट बच्ने उपायहरू :

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले वा पछि साबुन पानीले राम्रोसँग हात धुनु ।
- अनावश्यक रूपमा घरबाहिर र भीडभाडमा नजाने ।
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने ।
- कुनै पनि व्यक्तिसँग ३ फिटको दूरी कायम गर्ने ।
- जंगली तथा घरपालुवा पशुपक्षीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने ।
- सकेसम्म पशुजन्य र अस्वस्थ्यकर मासु नखाने ।
- ज्वरो, रूघा र खोकी तथा श्वास-प्रश्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने ।
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु, जम्माखोरी, कालोबजारी तथा लुकाई राखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने ।

हरिप्रसाद मण्डल
नगरप्रमुख
मटिहानी नगरपालिका, महोत्तरी, प्रदेश २

# विश्व परिवेश

## भारतद्वारा एन-सक्षम अग्नि-५ ब्यालेस्टिक क्षेप्यास्त्र प्रक्षेपण

भारतले बुधवार सतह बाट सतह सम्म मार हान्न सक्ने ब्यालिस्टिक क्षेप्यास्त्र अग्नि-५ को सफल प्रक्षेपण गरेको छ। यो नयाँ पुस्ताको आणविक क्षमता भएको क्षेप्यास्त्र हो जसले ५ हजार किलोमिटरसम्मको दूरीमा रहेको लक्ष्यमा प्रहार गर्न सक्छ।

रक्षा मन्त्रालय ले जारी गरेको विज्ञप्ति अनुसार एपीजे अब्दुल कलाम टापु, ओडिशा बाट लगभग ७:५० बजे यस क्षेप्यास्त्र को प्रक्षेपण गरिएको थियो।

तीन चरणको ठोस इन्धनयुक्त इन्जिन प्रयोग गर्ने यस क्षेप्यास्त्रले ५ हजार किलोमिटरसम्मको दायरामा धेरै सटीकताका साथ लक्ष्यमा प्रहार गर्न सक्षम छ।

भारतको 'विश्वसनीय न्यूनतम प्रतिरोधात्मक क्षमता' नीति अनुरूप अग्नि-५ को सफल परीक्षण गरिएको हो। यस नीति ले 'पहिलो प्रयोग नगर्ने' प्रतिवद्धतालाई जोड दिन्छ।



यसअघि यस वर्षको जुन महिनाको २८ तारिख मा भारतले ओडिशाको बालासोरको तटमा रहेको डा एपीजे अब्दुल कलाम टापुबाट नयाँ पुस्ताको आणविक सक्षम ब्यालेस्टिक क्षेप्यास्त्र अग्नि पी (प्राइम) को परीक्षण गरेको थियो। परीक्षण गरिएको अग्नि पी क्षेप्यास्त्र अग्नि वर्गको नयाँ पुस्ताको उन्नत संस्करण थियो।

सो क्षेप्यास्त्र मा १ हजार देखि २ हजार किलोमिटरसम्म मार हान्न सक्ने क्षमता रहेको छ।

सो ब्यालेस्टिक क्षेप्यास्त्र को तौल अग्नि ३ भन्दा ५० प्रतिशत कम छ र यसमा नयाँ मार्गदर्शन र नयाँ पुस्ताको प्रोपल्सन प्रणाली जडान गरिएको छ। क्षेप्यास्त्र मा उच्च गुणस्तरको धातु प्रयोग गरिएकाले यसलाई रेल र सडकबाट प्रक्षेपण गर्न सकिन्छ। साथै यसलाई लामो समयसम्म भण्डारण गरी परिचालन आवश्यकता अनुसार देशभर ढुवानी गर्न सकिन्छ।

१ हजार देखि २ हजार किलोमिटर सम्म मार हान्न सक्ने यस क्षेप्यास्त्र को प्रयोग हिन्द प्रशान्त क्षेत्रमा पनि गर्न सकिन्छ।

जून महिनाको २५ तारिख मा डिआरडिओ ले ओडिशाको तट मा रहेको एकीकृत परीक्षण दायरा(आइटिआर), चंदीपुर, बहु-ब्यारेल क्षेप्यास्त्र प्रक्षेपण (एमबिआरएल) बाट स्वदेशी रूपमा विकसित पिनाका क्षेप्यास्त्र को विस्तारित दायरा संस्करणको सफलतापूर्वक परीक्षण गरेको थियो ।-*इण्डिया न्यूज नेटवर्क*

## हिन्द प्रशान्त जीवनको तथ्य हो : विदेशमन्त्री एस जयशंकर

हिन्द प्रशान्त जीवनको तथ्य हो भनेर औंल्याउँदै भारतका विदेशमन्त्री एस जयशंकरले बुधबार हिन्द प्रशान्त लाई अस्वीकार गर्नु भनेको भूमण्डलीकरणलाई अस्वीकार गर्नु बराबर भएको बताउनुभएको छ। उनले भन्नुभयो, " संकोच भएकाहरूले पनि हिन्द-प्रशान्तलाई प्रमाणित गर्ने तरिकामा व्यवहार र सञ्चालन गर्दछन्। यसको धेरै सहजता र अन्तर-प्रवेशमा यसको प्रमाणीकरण व्याप्त छ। वास्तवमा त्यहाँ पहिले अस्वाभाविक रूपमा छुट्टिएका धेरै प्रकारका घटकको मिश्रण छ।" तेस्रो हिन्द प्रशान्त क्षेत्रीय संवादमा बोल्दै, विदेश मन्त्री जयशंकरले भन्नुभयो, "अहिलेको राजनीतिले यसलाई स्वीकार गर्न केही हिचकिचाहट सिर्जना गरेको छ"। "यदि वास्तविकता यत्तिको स्पष्ट थियो भने त्यहाँ कुनै प्रकारको हिचकिचाहट वा संकोच हुनुहुदैन थियो।" "उत्तर सायद हामी सबै को मष्तिस्कमा छ, सम्भवतः तिनीहरूको असुरक्षामा पनि। यदि कोही शीतयुद्धको लोकाचारमा फसेको छ र यसलाई फाइदाको लागि पनि प्रयोग गर्न चाहन्छ भने अरूले धेरै फरक तरिकाले यसलाई लिन सक्छन् जसलाई स्वीकार गर्न सजिलो छैन। विशेष गरी यदि साझा हित प्राप्त गर्न फराकिलो, अधिक सहयोगी र अधिक लोकतान्त्रिक दृष्टिकोण सिर्जना गर्ने उद्देश्य लिएका छौं भने।"

"जसरी भूमण्डलीकरण अगाडि बढ्दै जान्छ र थप विविध हुँदै जान्छ, त्यहाँ हिन्द प्रशान्त ले व्यक्त गर्ने अन्तर-निर्भरता र फराकिलो पदचिह्नको मात्र ठूलो प्रशंसा हुनेछ। यस दिशामा, हिन्द प्रशान्त लाई अस्वीकार गर्नु भूमण्डलीकरणलाई अस्वीकार गर्नु बराबर हुनजान्छ।" जयशंकरले तर्क गर्नुभयो। अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा, नयाँ अवधारणाहरू पचाउन समय लाग्नु स्वाभाविक भएको जयशंकरले बताउनुभयो। "त्यो प्रक्रियालाई सहज बनाउनका लागि, हिन्द प्रशान्त सम्म पुग्नका लागि धेरै मार्गहरू हुन सक्छन् भन्ने कुरामा मनको खुलापन र स्वीकृति देखाउनु पनि महत्त्वपूर्ण छ।" उनले भन्नुभयो। भारतीय नौसेनाले राष्ट्रिय सामुद्रिक संस्थान को सहयोग मा तेस्रो हिन्द प्रशान्त क्षेत्रीय संवाद आयोजना गरेको थियो । – *इण्डिया न्यूज नेटवर्क*

## किसानको पीरमर्का र समस्या नबुझ्ने सरकारको कुनै औचित्य छैन : आईटी आर्मी

काठमाडौं । आईटी आर्मीले कृषि बीमा लागू गर्न र अन्नदाता किसानलाई पेन्सनको व्यवस्था गर्न तथा बेमौसमी वर्षाले पीडित किसानलाई उचित राहत तथा क्षतिपूर्तिको व्यवस्था गर्न सरकारसँग माग गरेको छ ।

आईटी आर्मीका राष्ट्रिय संयोजक चन्द्रभुषण साहले शुक्रबार एक विज्ञप्ति जारी गर्दै किसानको पीरमार्का र समस्या नबुझ्ने सरकारको कुनै आवश्यकता र औचित्य नभएको जिकिर गरेका छन् ।

नेपाल जस्तो कृषिप्रधान देशमा लगभग सयको संख्यामा मृत्यु, तिन दर्जन जति बेपत्ता, दर्जनौं घाईते तथा कयौं परिवारहरू विस्थापित र अरबौं रकम बराबरको कृषि बालिनालि, पशुपंक्षी तथा धनमालको विकराल क्षति हुँदा पनि देशमा क्रियाशील ७६१ ओटा संवैधानिक सरकारमध्य किसानको पिरमार्का सुन्ने - बुझ्ने र पीडाको घाउमा मलहम बन्ने फुर्सत नभउको आरोप लगाईएको छ ।

'के आफ्नो पसीना र पौरखले तपाई हामी सबैको लागि अन्न उत्पादन गर्ने श्रमजीवी किसानहरूको दुख, पीडा र समस्याको समाधान राज्यको दायित्वभित्र पर्दैन ? मुलुकमा राजनीतिक बदलावको नाममा पटक पटक व्यवस्था परिवर्तन भयो तर हाम्रो श्रमवीर किसान दिदीबहिनी तथा दाजुभाईहरूको अवस्थामा तात्विक परिवर्तन किन आएन ? कृषिप्रधान देशमा मुलभूत रूपमा किसानको अवस्थामा क्रान्तिकारी सुधार वा परिवर्तन बिना देशको समृद्धि र विकास कसरी सम्भव हुन्छ ?' आईटी आर्मीले प्रश्न गरेको छ ।

ट्याक्टरमा लाग्ने सम्पूर्ण कर खारेजी गर्न, पर्याप्त एवम सहज रूपमा कृषि ऋण उपलब्ध गराउन, पर्याप्त मलखाधको व्यवस्था गर्न, कृषि उपजको प्रभावकारी भण्डारण एवं बजारीकरणको व्यवस्था गर्न लागयतका माग आईटी आर्मीले सरकारसंग गरेको छ ।

'अहिलेको बेमौसमि अविरल वर्षा तथा हावाहुरीका कारण किसानले घर भित्र्याउनका लागि काटिराखेको धान पानी जमेर कुहिएको, बाढीले बगाएको तथा काट्नलाई तयार बाली हावाले भाँचिदिएपछी नष्ट भएको अवस्थालाई मध्यनजर गर्दै तत्काल उचित राहत प्याकेज तथा क्षतिपूर्तिको व्यवस्था गर्न नेपाल सरकार सहित सम्बन्धित निकायको गम्भीर ध्यानाकर्षण गराउछौं' संयोजक साहद्धारा जारी बिज्ञप्तीमा उल्लेख गरिएको छ ।

विगतमा आईटी आर्मीले किसानका हकहित रक्षाका लागि अघि सारेका मागहरूलाई पुनः एकपटक स्मरण गराउदै उनले ति मागहरूलाई राज्यले तत्काल कार्यान्वयन नगरे पहिलेको भन्दा झन कडा एवं सशक्त संघर्षका कार्यक्रमहरू गर्न बाध्य हुने चेतावनी दिएको छ ।

देशको अर्थतन्त्रको मेरूदण्डको रूपमा अनवरत क्रियाशील किसानहरूलाई कहिले अतिवृष्टि त कहिले अनावृष्टि लगायतका प्राकृतिक प्रकोप विपत्तिबाट हुने क्षतिको भरपाईको लागि तत्काल उचित राहत प्याकेजको व्यवस्था, समयमैं गुणस्तरीय विउ, मलखाध र सिंचाईको प्रबन्ध, कम्तिमा योगदानको अनुपातमा सहुलियत कृषि ऋण, प्रभावकारी कृषि अनुदान एवं विमाको प्रबन्ध, कृषि उपजको प्रभावकारी भण्डारण एवं बजारीकरणको व्यवस्था तथा अन्नदातालाई सम्मान एवं प्रोत्साहन स्वरूप पेनसनको व्यवस्था गर्न नसक्ने यस्ता आधारभूत समस्याहरू समेत समाधान गर्न नसक्ने संघीय, प्रदेश र स्थानीय सरकारहरूको आवश्यकता र औचित्य के हुने भन्दै आईटी आर्मीले प्रश्न गरेको छ ।

राष्ट्रिय जनगणना २०७८ मा सहभागी हुन आमसमुदायमा केन्द्रीय तथ्याङ्क विभागको अनुरोध !!

प्रत्येक दश वर्षमा गरिँदै आएको बाह्रौं राष्ट्रिय जनगणना २०७८ तपसिलको समयमा भइरहेकोले सबै महानुभावहरूलाई यसमा सहभागी भई सहयोग गर्न केन्द्रीय तथ्याङ्क विभाग हार्दिक अनुरोध गर्दछ ।

- पहिलो चरण: २०७८ सालभाद्र ३० गतेदेखि आश्विन १८ सम्म घर तथा घरपरिवार सूचीकरण कार्य (सुपरिवेक्षक मार्फत संकलन गरिने)
- दोस्रो चरण: २०७८ साल कार्तिक २५ गतेदेखि २०७८ मंसिर ९ गतेसम्म मुख्यगणना (गणक मार्फत संकलन गरिने)

जनगणनाका दुवै चरणमा अनिवार्य सहभागी भई आफ्नो र परिवारको विवरण टिपाऔं र गणनामा कोही नछुटौं, कोही नदोहोरिऔं ।

- गणनाबाट प्राप्त व्यक्ति पहिचान हुने विवरणहरु गोप्य राखिने भएकोले सबै सत्य तथ्य विवरण मात्र उपलब्ध गराऔं ।
- आफ्नो घर परिसरमा अन्य परिवार (भाडामा समेत) पनि बस्दछन् भने सबैको विवरण लिन सहयोग गरौं ।
- आफ्नो, छिमेकी, टोलवासी, साथीभाइ, नातागोता तथा चिनेजानेका सबैलाई जनगणनामा सहभागी भई विवरण दिन आह्वान गरौं ।

मेरो गणना, मेरो सहभागिता

नेपाल सरकार
राष्ट्रिय योजना आयोग
केन्द्रीय तथ्याङ्क विभाग

शुभकामना

२०७८ सालको विजया दशमी, शुभ दिपावली, छठ पर्व तथा नेपाल संबतको सुखद अवसरमा समस्त ग्राहकवर्गमा सुख, शान्ति, समृद्धि, सुस्वास्थ्य दिर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नेपाल टेलिकम
परिवार

# जिल्ला समाचार

## बाढीले पिलर कटान गर्दा पुल जोखिममा

विराटनगर । विराटनगर र पूर्वी मोरङ जोड्ने सिंघीया खोलाको पुल बाढीले कटान गर्दा जोखिम बढेको छ । बाढीले विराटनगरको हाटखोला र कटहरी बजार जोड्ने पुलको पिलरको जग कटान गरेको छ । पुलका चार पिलरमध्ये पूर्वपट्टिको तीन वटा पिलर कटानले कमजोर भएको छ । पुलको माथिल्लो भागमा पनि खाल्डैखाल्डो भएर भ्वाङ पर्ने अवस्था हुँदा दुर्घटनाको जोखिम बढेको छ । कटहरी र विराटनगर दुवैतर्फ रहेका उद्योगका लागि कच्चा पदार्थ र उत्पादन बोकेर कन्टेनर, लरीलगायत २२ चक्कासम्मका सयौं ट्रक दैनिक उक्त पुलबाट ओहोर दोहोर भइरहने हुँदा पुल नै भत्किने जोखिम बढेको हो । हुलाकी सडक परियोजनाअन्तर्गतको उक्त पुल तत्काल मर्मतका लागि सडक डिभिजन कार्यालय विराटनगरलाई जिल्ला प्रशासन कार्यालय मोरङले निर्देशन दिएको छ । यस्तै, विराटनगर र कटहरीको महेशपुर जोड्ने सिंघीया खोलाको अर्को पुलमा पनि बाढीले क्षति पुर्‍याएको छ । उक्त पुलको पश्चिमतर्फको पिलरमा बाढीले कटान हुँदा भत्किने जोखिम बढेको हो ।

## मेडिकल कलेजको आन्दोलन स्थगित

नेपालगन्ज । तीन बुँदे सहमतिपछि नेपालगन्ज मेडिकल कलेज शिक्षण अस्पतालमा १० दिनदेखिको जारी आन्दोलन स्थगित भएको छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयद्वारा गठित मध्यस्थता समितिका संयोजक भोलानाथ गुरागाईंको अध्यक्षतामा अस्पताल व्यवस्थापन र आन्दोलनरत कर्मचारीबीचको वार्तापछि जारी आन्दोलन स्थगित भएको हो । अस्पतालमा जारी सबै आन्दोलन स्थगित गरेर सेवाहरू नियमित गर्ने, जिल्ला प्रशासनमा भएको सर्वदलीय तथा सर्वपक्षीय बैठकका सहमति कार्यान्वयन गर्ने र अस्पताल प्रशासनले ९ जना कर्मचारीलाई मागेको स्पष्टीकरण खारेज गर्ने लगायतका सहमति भएको बताइएको छ । अस्पताल व्यवस्थापन पक्षले भने आर्थिक भार थपिने कुनै पनि माग पूरा गर्न नसकिने बताउँदै आएको छ । मध्यस्थता समितिले कर्मचारीका माग र अस्पताल प्रशासनले भन्दै आएको विषयलाई यथार्थ अध्ययन गर्ने जनाएको छ । शिक्षण अस्पतालका झन्डै १२ सय कर्मचारी सात बुँदे माग राखेर कात्तिक १ गतेदेखि आन्दोलन गरिरहेका थिए । उनीहरूले इमर्जेन्सीबाहेक सबै सेवा ठप्प पारेका थिए । उनीहरूले पाँच वर्षदेखि रोकिएको तलबभत्ता वृद्धि हुनुपर्ने, दरबन्दी सिर्जना, पदपूर्ति र बढुवा, अवकाश, उपदान, बीमा, सामाजिक सुरक्षा कोषलाई व्यवस्थित र प्रभावकारी गराइनु पर्ने लगायतका माग राखेका छन् ।

## नेकपा एसको कार्यविभाजन

रूपन्देही । नेकपा एकीकृत समाजवादी लुम्बिनी प्रदेश समितिले नेताहरूको कार्यविभाजन गरेको छ । बुटवलमा सम्पन्न प्रदेश समिति सचिवालयको बैठकले नेताहरूको कार्यविभाजन गरेको हो । बैठकले पार्टीका केन्द्रीय सदस्य तथा रूपन्देही इञ्चार्ज डा.बालकृष्ण चापागाईंलाई प्रचार विभाग, केन्द्रीय सदस्य बृहस्पति अधिकारीलाई स्कूल विभाग, नेता अशोक कोइरालालाई संगठन विभाग, प्रदेश सचिव राजु गुरूङलाई आर्थिक विभाग प्रमुख र सिद्धिचरण भट्टराईलाई प्रदेश कार्यालय सचिवको जिम्मेवारी तोकेको छ । यस्तै बैठकले प्रदेश कमिटीलाई १ सय ६१ सदस्यीय बनाउने, कात्तिक मसान्तभित्र जनवर्गीय संगठन निर्माण गर्ने र मंसिर ३ देखि १६ गतेसम्म लुम्बिनीका १२ वटै जिल्लामा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने निर्णय पनि गरेको सचिव राजु गुरूङले जानकारी दिए । मंसिर ३ गते बर्दियाबाट शुरू हुने प्रशिक्षण १६ गते रूपन्देहीमा समापन गरिने सो पार्टीले जनाएको छ । बैठकमा लुम्बिनी प्रदेशबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने नेता तथा १२ वटै प्रदेशका जिल्ला अध्यक्षहरूको सहभागिता रहेको थियो ।

## कृषिउपज बजारीकरणको सुनिश्चितता गर्न सुझाव

वीरगञ्ज । कृषि कर्मलाई ग्रामीण उद्यमको रूपमा विकास गर्न, कृषिउपज बजारीकरणको सुनिश्चितता र भारतीय कृषि उपजसँगको प्रतिस्पर्धा अन्त्य गर्नुपर्ने सुझाव सरोकारवालाहरूले दिएका छन् । वीरगन्जमा आयोजित अन्तरक्रियामा कृषि ज्ञान केन्द्र पर्साका प्रमुख मुनिलालप्रसाद कुशवाहाले जिल्लाका किसानले नगदेबालीको रूपमा उत्पादन गर्ने मेवा, गोलभेडा, च्याउ आदिले बजार नपाउने ठूलो समस्या रहेको बताए । उनले स्थानीय किसानले भारतीय उत्पादनसँग प्रतिस्पर्धा गर्नु पर्ने र बिचौलियाहरूले सिन्डिकेट खडा गरी उनीहरूको उत्पादन खरिद नगर्ने वा खरिद गरी हाले पनि अत्यन्त न्यून मूल्यमा खरिद गर्ने गरेकाले किसान अन्न बालीबाहेक नगदेबालीतर्फ आकर्षित हुन नसकिरहेको बताए । चेली कृषि सहकारी वीरगन्जकी प्रमुख कमला घिमिरेले आफ्नो सहकारीले २ वर्षयता व्यावसायिक च्याउ खेती गरेर स्थानीय थुप्रै महिलालाई रोजगारी दिने प्रयास गर्दै आएकोमा आवश्यक उपकरण तथा बिउबिजन पाउन हम्मे परिरहेको गुनासो गरिन् । वीरगन्ज महानगरपालिका कृषि विभागका प्राविधिक ओमप्रकाश रामले स्वदेशी किसानले भारतीय किसानसँगको प्रतिस्पर्धा अन्त्य नभएसम्म नेपालमा कृषिको व्यावसायिकरण हुन नसक्ने बताए । वीरगन्ज महानगरपालिकाका मेयर बिजयकुमार सरावगीले हुलाकीमार्ग निर्माण भएपछि सडकसँग जोडिएका किसानको कृषि उपजले बजार पहुँच पाउन थाले पनि त्यो अझै पर्याप्त नभएको बताए ।

## ठगी गरेको अभियोगमा १ जना पक्राउ

रौतहट । अवैध रूपमा रकम उठाई ठगी गरेको अभियोगमा बौधीमाई नगरपालिका-१ बस्ने दलित जनजाति उत्थान केन्द्र कलैया बाराका प्रोग्राम कोडिनेटर २४ वर्षीय बिकेश जयसवाललाई ठगी गरेको नगद ६० हजार ७ सय रूपैयाँसहित प्रहरीले पक्राउ गरेको छ । कोभिड-१९ ले अफ्ठ्यारोमा परेका विभिन्न महिलाहरूको लागि मानविय सहायता स्वरूप यूएनडिपीले प्रभु बैंक शाखा कार्यालय गौर रौतहटमार्फत पठाएको रकम निकाल्न आएका मानिसहरूसँग बिकेशले नगद ३ हजार/३ हजार ३ सयका दरले अबैध रूपमा पैसा उठाई ठगी गरिरहेको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय रौतहटबाट खटिएको प्रहरीले सोही बैंकको गेट अगाडिबाट उनलाई फेला पारी जाँच गर्ने क्रममा झोलाभित्रबाट आपराधिक लाभ (एक्सटर्सन) लिने मनसायले ठगी गरेको उक्त रूपैयाँ सहित फेला पारी पक्राउ गरेको हो । उनी उपर जिल्ला अदालत रौतहटबाट म्याद थप लिई आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।

## प्रदेश २ सरकारद्वारा विश्वविद्यालय सम्बन्धि २ अध्यादेश सिफारिश

जनकपुरधाम । प्रदेश नं. २ सरकारले विश्वविद्यालय स्थापना सम्बन्धि २ वटा अध्यादेश सिफारिस गरेको छ । मन्त्रिपरिषद्को मंगलबार सम्पन्न बैठकले वीरगंज प्राविधिक विश्वविद्यालय र कृषि विश्वविद्यालय सप्तरी स्थापना सम्बन्धि अध्यादेश जारी गर्न प्रदेश प्रमुखलाई सिफारिस गर्ने निर्णय गरेको सरकारका प्रवक्ता एवं अर्थमन्त्री शैलेन्द्र प्रसाद साहले जानकारी गराएका छन् । प्रदेश प्रमुखबाट अध्यादेश जारी भएलगतै दुबै विश्वविद्यालय स्थापनाको बाटो खुल्ला हुनेछ । कृषि तथा प्राविधिक सम्बन्धि उच्चस्तरीय जनशक्ति उत्पादन तथा कृषि र प्राविधिक सम्बन्धि अध्ययन अनुसन्धानलाई समय सापेक्ष, व्यापक, व्यावहारिक र स्तरीय बनाउन प्रदेशस्तरीय कृषि तथा प्राविधिक विश्वविद्यालय स्थापना आवश्यक देखिएकोले नेपालको संविधानको धारा २०२ बमोजिम प्रदेश सभा संचालनमा नरहेको अवस्थामा अध्यादेश सिफारिस गरेको हो । जनकपुरधाममा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठान स्थाापना गरि संचालनमा ल्याइसकेको प्रदेश सरकारले राजविराजमा कृषि विश्वविद्यालय र वीरगंजमा प्राविधिक विश्वविद्यालय स्थापना गर्न लागेको हो । यसैगरी, प्रदेश सरकारले ग्रिन सिटी क्लिन सिटीअन्तर्गत पहिलो चरणमा जनकपुरधाम, राजविराज र विरगंजमा सरसफाई, बिजुली बत्ति तथा वृक्षारोपण कार्य संचालन गर्ने निर्णयसमेत गरिएको प्रवक्ता साहले बताए । मन्त्रिपरिषद्ले प्रदेश सरकारद्वारा संचालित विकास निर्माणको कार्यलाई प्राविधिकसहितको उच्चस्तरीय टोलीद्वारा स्थलगत निरीक्षण गराई ढिला सुस्ती एवं गुणस्तरहिन काम गरिरहेको पाइए त्यस्ता ठेक्केदार कम्पनीलाई बैंक ग्यारेन्टी जफतदेखि कालो सूचिमा राख्नेसम्मको कारबाही प्रक्रिया अघि बढाउने निर्णयसमेत गरेको छ ।

# जयनगर–कुर्था सीमा पार रेलखण्ड हस्तान्तरण



काठमाडौं । भारत सरकारको सहयोगमा निर्माण भएको जयनगर-कुर्था सीमा पार रेलमार्ग भारतले एक समारोहबीच नेपाल सरकारलाई हस्तान्तरण गरेको छ । उक्त समारोहमा नेपालका लागि भारतीय राजदूत विनयमोहन क्वात्रा तथा भौतिक पूर्वाधार तथा यातायातमन्त्री रेनुकुमारी यादवले सहभागिता जनाएका थिए ।

समारोहमा भारत सरकारको तर्फबाट परियोजनाको कार्यान्वयन निकाय इरकाँन इन्टरनेशनल लिमिटेडले सो रेलखण्ड नेपाल सरकारको तर्फबाट उपस्थित नेपाल रेलवे कम्पनी लिमिटेडलाई हस्तान्तरण गरेको थियो ।

भारत सरकारको आर्थिक सहयोगमा भारतको जयनगरदेखि नेपालको कुर्थासम्मको ३४.९ किलोमिटर न्यारोगज खण्डलाई ब्रोडगजमा रूपान्तरण गर्ने कार्य सम्पन्न भएको छ ।

भारत सरकारको आर्थिक सहयोगअन्तर्गत नेरू.८.७७ अर्ब रूपैंयामा निर्माण भएको ३४.९ किलोमिटर जयनगर-कुर्था खण्ड ६८.७२ किलोमिटर जयनगर-बिजलपुरा-बर्दिबास रेलमार्गकै एक हिस्सा हो ।

यो खण्ड पहिले जयनगर र बिजलपुराबीच न्यारोगज रेलमार्गको रूपमा रहेको थियो । जयनगर-कुर्थाखण्डमा कूल ८ वटा स्टेशन र साना स्टेशन रहेका छन्, जसमा जनकपुरको ऐतिहासिक महत्वको शहर पनि सामेल छ ।

एकपटक सञ्चालनमा आएलगत्तै यो भारत र नेपालबीचको पहिलो ब्रोडगज सीमापार रेलमार्ग हुनेछ । यसले दुई देशबीचको व्यापार र वाणिज्य गतिविधिहरूलाई थप बढावा दिनुका साथै जनताबीचको सम्बन्धलाई अझ सुदृढ गर्नेछ ।

सीमापार रेल सञ्जाल भारत-नेपाल विकास सहकार्यको एक महत्वपूर्ण पक्ष हो जसमा जयनगर-बिजलपुरा-बर्दिबास रेलमार्ग र १८.६ किलोमिटर जोगबनी-विराटनगर रेलमार्ग समाविष्ट छन् । यी दुवै रेलमार्ग भारत सरकारको आर्थिक सहायताअन्तर्गत निर्माण भएका हुन् ।

# अध्यादेश ल्याएर पनि रेल सञ्चालन हुन्छ : मन्त्री यादव



जनकपुरधाम । भौतिक पूर्वाधार तथा यातायात मन्त्री रेणु यादवले जयनगर-जनकपुर रेल सेवा अविलम्ब सञ्चालनका लागि पहल गर्ने बताएकी छन् । यसका लागि आफूले भारतीय राजदूतसँग समेत कुराकानी गर्ने उनले बताइन् । शुक्रबार जनकपुरधाम उद्योग वाणिज्य संघको ज्ञापनपत्र बुझ्दै मन्त्री यादवले अविलम्ब रेल सेवा सञ्चालनका लागि आफूले तत्कालै पहल गर्ने र यसका लागि भारतीय राजदूतसँग कुराकानी अगाडि बढाउने बताइन् ।

मन्त्री यादवले अध्यादेश ल्याएर पनि जयनगर जनकपुरधाम (कुर्था) रेल सञ्चालनमा ल्याउने प्रतिबद्धता जनाइन् । उनले भनिन्, 'अहिलेसम्म कानुनी अड्चनका कारण समस्या थियो तर अब विधेयक पनि राष्ट्रिय सभाबाट फिर्ता भइसकेका कारण चाँडै नै अध्यादेशमार्फत रेल सञ्चालनमा ल्याउने गरी तयारी अघि बढाउनेछु ।'

आगामी विवाह पञ्चमीदेखि रेल सेवा सञ्चालनमा ल्याउन संघका पदाधिकारीहरूले गरेको मागमा मन्त्री यादवले विवाह पञ्चमीदेखि नै सञ्चालन हुन्छ भन्ने ग्यारेन्टी नभए पनि चाँडै नै सञ्चालनमा ल्याउने गरी आवश्यक तयारी गर्ने बताइन् ।

उनले मन्त्रिपरिषदको बैठकमा रेल सञ्चालनको कुरा उठाउने जानकारी पनि दिइन् । अर्को प्रसङ्गमा मन्त्री यादवले विकास निर्माणको कामलाई प्राथमिकता दिने र जयनगर-जनकपुर रेलमात्र नभई अन्य रेल्वे निर्माण कार्यलाई समेत तीव्र गतिमा अघि बढाउने बताइन् ।

संघका अध्यक्ष जितेन्द्र महासेठको अगुवाईमा बुझाइएको ज्ञापन पत्रमा भारत सरकारको सहयोगमा सीमावर्ती जयनगरदेखि बर्दिबाससम्म ७२ किलोमिटरमध्ये जयनगर-जनकपुर (कुर्था) सम्म प्रथम चरणको पूर्वाधार तयार भइसकेको र रेलको इन्जिन र बोगीसमेत किनेको एक वर्ष बितिसक्दा पनि सञ्चालन नहुनु दुर्भाग्यपूर्ण भएको उल्लेख छ । सो रेल सेवा सञ्चालनमा आउन नसक्दा राष्ट्रकै उद्योग, व्यवसाय तथा पर्यटनमा अत्यधिक नकारात्मक असर परेकोले अविलम्ब सञ्चालन गर्न पनि ज्ञापनपत्रमा माग गरिएको छ ।

## आर्थिक समाचार

# नेपाल लाइफको प्रीमियम भुक्तानी गर्दा दाहालले जीते आइफोन १२





काठमाडौं । नेपाल लाइफ इन्स्योरेन्स कम्पनीको बीमा शुल्क (प्रीमियम) भुक्तानी इसेवाबाट गर्ने बीमित मध्येबाट पहिलो लक्की ड्र मार्फत विजेतालाई आइफोन १२ प्रदान गरिएको छ । नेपाल लाइफको कार्यालयमा एक कार्यक्रमका बीच उक्त पुरस्कार प्रदान गरिएको हो । लक्की ड्र मार्फत छनोट भएका विराटनगर निवासी विज्ञान दाहाललाई नेपाल लाइफका नायब महाप्रबन्धक अमित केयलले उक्त आइफोन १२ प्रदान गर्नुभयो । नेपाल लाइफका नायब महाप्रबन्धक अमित केयलले डिजिटल प्लाटफर्म मार्फत प्रीमियम भुक्तानी गर्दा समयको बचत र झन्झटबाट मुक्त हुनुका साथै इसेवाले ग्राहकहरूलाई यस किसिमका उपहार प्रदान गर्दा डिजिटल पेमेन्टमा आकर्षण बढ्ने धारणा व्यक्त गर्नुभयो । आइफोन १२ प्राप्त गरेपछि विज्ञान दाहालले १० वर्ष अघि बीमा गरेको पोलिसिको प्रीमियम समय र सहजतालाई ध्यान दिइ इसेवाबाट भुक्तानी गर्दा लक्की ड्रको बारेमा जानकारी नभएको बताउनु भयो । तर जब इसेवाबाट तपाई लक्की ड्र मार्फत छनौट हुनु भएको छ भनी फोन आउँदा सर्पाइज भएको जनाउनु भयो । दाहालले अगाडी थप्नु भयो आजको दिनमा डिजिटल प्लाटफर्म मार्फतको भुक्तानीको विश्वासनीयता बढ्दै गएको छ भने यस्ता उपहार/पुरस्कारले अझ थप उत्साह थपेको छ ।

आफ्ना बीमितहरूलाई सरल र सहज सेवा प्रदान गर्न नेपाल लाइफले विभिन्न डिजिटल पेमेन्ट सिस्टम तथा डिजिटल वालेटहरूसँग बीमा शुल्क (प्रिमियम) भुक्तानीको सम्झौता गरेको छ । जसले गर्दा कुनै पनि ठाउँबाट जुनसुकै समयमा बीमा शुल्क (प्रिमियम) भुक्तानी गर्न सकिने सुविधा प्रदान गरेको छ । नेपाल लाइफको प्रिमियम डिजिटल वालेटहरू ई-सेवाका साथै खल्ती, कनेक्ट आइपीएस, फोन पे, आईएमई पे तथा प्रभु पे लगायतबाट अनलाइन भुक्तानी गर्न सकिन्छ । ग्राहकहरूको हितलाई ध्यानमा राखी कम्पनीले समयसापेक्ष आवश्यकता अनुसार सेवा तथा सुविधामा परिमार्जन एवं परिष्कृत गर्दै लैजाने प्रतिबद्धता व्यक्त गरेको छ ।

# नेपाली फिल्मको सुटिङ गर्न सुनील सेट्टीको आउँदै

काठमाडौं । बलिउड अभिनेता सुनील सेट्टी आउँदो फेब्रअरीको तेस्रो साता नेपाल आउने भएका छन् । नेपाली कथानक चलचित्र 'एक्स-९' को छायांकनका लागि उनी नेपाल आउन लागेका हुन् । उनी ६ दिन नेपालमा रहनेछन् । चलचित्रमा उनको छायांकनको सिन सुदूरपश्चिम प्रदेशका विभिन्न क्षेत्रमा रहेको छ । बडिमालिका, खप्तड, बैतडीको पाटन र कैलालीका विभिन्न क्षेत्रमा सेट्टीको छायांकन हुनेछ । एक्स-९ का निर्देशक मुकुन्द भट्टकाअनुसार चलचित्रका मुख्य भूमिकामा रहने कलाकारमध्ये सेट्टी पनि एक हुन । ट्टबलिउडको ठूलो फिगर भएका कारण मात्रै उहाँलाई हामीले समावेश गरेका होइनौं । कथाको डिमान्डले नै उहाँ समावेश हुनुभएको हो, उनले भने । आफूले स्क्रिप्ट सुनाउँदा सुनीलले सुरूमै मन पराएको मुकुन्द सुनाउँछन् ।

# प्रधानसेनापति भारत जाने

काठमाडौं । नेपाली सेनाका प्रधानसेनापति प्रभुराम शर्मा भारत भ्रमणमा जाने भएका छन् । मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले सेनापति शर्माको भ्रमण स्वीकृत गरेको हो । भारतले प्रदान गर्ने मानार्थ महारथीको सम्मान ग्रहण गर्न प्रधानसेनापति शर्मा यही कात्तिक २३ गते भारत जाने कार्यक्रम छ । उनी २६ गते स्वदेश फर्कनेछन् ।

# वीरगन्जमा म्युजिक अवार्ड हुने

वीरगन्ज, १० कार्तिक । वीरगन्जबाट प्रसारित रेडियो सान्भीले कात्तिक २२ गते प्रथम रेडियो सान्भी म्युजिक अवार्ड २०७८ आयोजना गर्ने भएको छ । गीत, संगीतको क्षेत्रमा भविष्य खोजिरेहका र व्यावसायिक कलाकारको रूपमा स्थापित हुन संघर्ष गरिरहेका स्थानीय कलाकारहरूलाई प्रोत्साहन गर्ने उदेश्यले म्युजिक अवार्ड कार्यक्रम गर्न लागेको रेडियोका समाचार प्रमुख दिपक गौतमले बताए ।

'रेडियोको एउटा महत्वपूर्ण पाटो भनेको गीत संगीत हो, यसले स्रोतासँग हामीलाई जोड्छ, त्यस कारणले संगीत र गायनमा लागेका कलाकारहरूलाई एउटा मञ्च प्रदान गर्न हामीले प्रयास गरेका हौं,' रेडियोको तर्फबाट कार्यक्रमका संयोजक समेत रहेका गौतमले भने, 'यो अवार्डलाई आगामी वर्षमा पनि निरन्तरता दिने उदेश्यले यसलाई पहिलो संस्करणको रूपमा अगाडि बढाइएको छ, हामीले यसलाई प्रथम रेडियो सान्भी म्युजिक अवार्ड २०७८ भनेका छौं ।'

विभिन्न १० विधामा उत्कृष्ट कलाकारहरूलाई पुरस्कृत गरिने छ । भोजपुरीको लोकभाकामा आधुनिक गीतहरू सिर्जना गर्ने वीरगन्जका कलाकार अजमत अलिले यस्ता कार्यक्रम आयोजना गरिनुले सबै कलाप्रेमीहरूलाई उत्साहित बनाएको प्रतिक्रिया जनाउँदै यसको निरन्तरता महत्वपूर्ण हुने जनाए । भोजपुरी गायनमा नाम चलेका कलाकार सुनिल पण्डितले अवार्ड कार्यक्रमले कलाकारहरूमा उर्जा थप्ने धारणा राखे ।

स्थानीय कलाकारलाई प्रोत्साहन गर्ने देशभरी चिनाउने अभिप्रायलेम्युजिक अवार्ड आयोजना गर्ने निर्णय लिएको रेडियोका संचालक सुमित रौनियारले बताए ।

# मधेश...

गठबन्धन र सत्ता नेतृत्वमा रहेको कांग्रेसको विशेष जिम्मेवारी हो ।

**उपेन्द्र यादवको सत्ता यात्रा**

वर्तमान राजनीतिक परिदृश्यमा मधेशको मुद्दालाई किनारा लगाउन सकिदैन । जसपाको के दाबी छ भने विगतमा कुनै पनि सरकारले ध्यान नदिएको उसको धेरै मागहरूलाई अहिलेको सरकारले सम्बोधन गर्छ त्यसैले पार्टी सरकारमा गएको हो । नागरिकता र संविधान संशोधनसँग सम्बन्धित अन्य मुद्दाहरू यो सरकारले छिटो समाधान गर्ने विश्वास जसपाको छ ।

तर चाखलाग्दो कुरा के हो भने नेपाली राजनीतीमा प्रचण्डलगायत धेरै नेताले मधेशका यी मागहरू सम्बोधन गर्ने प्रतिवद्धता जनाएका छन् । तर तथ्यले के देखाउँछ भने शेरबहादुर देउवा, प्रचण्ड, माधव कुमार नेपाल, बाबुराम भट्टराई प्रधानमन्त्रीको रूपमा विगतमा सत्तामा रहँदा कसैले पनि मधेशको माग सम्बोधन गर्न सकेनन् । मधेशकै माग पूरा गराउन भन्दै जसपा अध्यक्ष उपेन्द्र यादव सबै सरकारमा गइरहे । यादवको विगत र वर्तमानको सत्ता यात्राले उनलाई कठिन र पराजित स्थितिमा पुऱ्याइ दिएको छ । उपेन्द्र यादव आफै मधेशको माग पूरा नहोस् भन्ने चाहन्छन् । यो उनको नितान्त अवसरवादी राजनीति हो । त्यहीभएर महन्थ ठाकुरले मधेशको राजनीतिलाई उपेन्द्र यादवले दुरूपयोग भएको टिप्पणी गर्दै आएका थिए ।

यहाँ उपेन्द्र यादवल आफ्नो रणनीति राम्रोसँग खेलेका छन् र उनले अधिकांश मधेशी मुद्दालाई आफ्नै ढङ्गले सुल्झाएर उसको जस लिने दाउमा छन् । तर उनका समर्थकहरूले नै मधेशी मुद्दाहरूलाई सबैभन्दा बढी क्षति पुऱ्याउने व्यक्तिको रूपमा उपेन्द्र यादव नै रहेको टिप्पणी गर्छन् ।

मधेशी र अन्य सीमान्तकृतहरूको मुद्दाको सम्बोधन उपेन्द्र यादवले गर्दैनन र उनको यो अभीष्ट पनि होइन । किनभने उपेन्द्र यादवले मधेशीको माग पूरा भएको देख्न चाहेकै छैनन् किनकि यो उनको असफलता मानिन्छ । ओली सरकारमा उपमन्त्री र स्वास्थ्यमन्त्री हुँदासम्म उनले मधेशी मुद्दाहरूको बारेमा कहिले छलफल समेत गरेनन् ।

उपेन्द्र यादव आफू सरकारमा रहँदा आफ्नै फाइदाको लागि मात्र काम गर्ने रूचि राख्ने व्यक्तिको रूपमा देखिन्छन् । उपेन्द यादवले २०६६मा २२ बुँदे सम्झौतामा हस्ताक्षर गर्दा तत्कालीन प्रधानमन्त्री झलनाथ खनालले २२ बुँदे सम्झौतामा उल्लिखित सबै मागहरू सम्बोधन गर्न सम्भव नभएको बताएका थिए । त्यति खेर त्यो सम्झौता उपेन्द्र यादव आफू सरकारमा सामेल हुनको लागि मात्र गरेका थिए । त्यतिखेर पनि खनाललाई कुनै पनि माग सम्बोधन गर्न उनले दबाब दिएका थिएनन् । यादवले बारम्बार प्रमुख दलहरूसँग सम्झौता गरेर सरकारमा सामेल भए, मधेशी भावनामा शक्तिको आनन्द उठाए र आफ्नै नातेदारलाई मात्र फाइदा पुऱ्याउँदै आए ।


२०७८ साल कार्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म हुने राष्ट्रिय जनगणना २०७८ सफल पारौं ।

कोही नछुटौं, कोही नदोहरिऔं ।

बसोबास गरेकै ठाँउबाट आफ्नो विवरण लेखाऔं ।

घर-घरमा आउने गणकलाई सही र वास्तविक सूचना उपलब्ध गराऔं ।



नेपाल सरकार

विज्ञापन बोर्ड



मिथिला दर्शन

टीभी कार्यक्रम हेर्न नभुल्नु होला ।

मिथिलाको धर्म, संस्कृति र संस्कारको संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन र विशेष जानकारी दिनका लागि मैथिली संस्कृतिको साप्ताहिक टी.भी. कार्यक्रम मिथिला दर्शन NEWS 24 टेलिभिजनमार्फत् हरेक बुधबार बिहान ५:३० बजे र कार्यक्रमको पुनः प्रसारण हरेक बिहीबार राति १:३० बजे नियमित रूपमा प्रसारण हुँदै आइरहेको छ ।

विशेष जानकारीका लागि सम्पर्क

मोबाइल : ९८४३१४६४८८

कार्यक्रममा राय, सल्लाह, सुझाव र प्रतिक्रिया दिनका लागि

Email : bsmedia65@gmail.com



**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ०१-५७०६१४१,

Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं